ANKHUKHOLA HYDROPOWER

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित

(शेयरमा सिमित दायित्व भएको)

# आँखुखोला जलविद्युत कम्पनी लिमिटेड

का.म.न.पा. वडा नं. १, नारायणचौर नक्साल, काठमाण्डौ

फोन नं. : ०१४४२९७८९ फ्याक्स नं. : ०१४४२९७८९

Email: ankhukhola@yahoo.com, Website: aankhukholahydro.com.np

**(कम्पनी ऐन २०६३ को दफा २३ को उपदफा (१) र धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३०, धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ अन्तर्गत प्रकाशित)**

## विवरण-पत्र

यस कम्पनीको जारी पुँजी ८०,००,००,०००।- (असी करोड) रकम वरावरको प्रति साधारण शेयर रु १००।- अंकित दरका २५ प्रतिशत शेयर सार्वजनिक निष्कासनको निमित्त छुट्टयाएको रु.२०,००,००,०००/-(बीस करोड) रकम बरावरको प्रति शेयर रु.१००/- अंकित मूल्यको २०,००,००० कित्ता साधारण शेयर मध्ये आयोजना प्रभावित क्षेत्र धादिङ्ग जिल्लाका बासिन्दाहरुको निमित्त जारी पुँजीको १० प्रतिशतले हुने ८,००,००० कित्ता शेयरहरु तथा सर्वसाधारणको लागि जारी पूँजीको १५ प्रतिशतले हुने १२,००,००० कित्तामा स्थानियलाई जारी गर्दा बाँकी रहेमा सो कित्ता समेत थप गरी कायम हुन आउने कित्तावाट यस आँखुखोला जलविद्युत कम्पनीका कर्मचारीहरुको लागी २ प्रतिशत र सामुहिक लगानी कोषहरुका लागी ५ प्रतिशत छुट्टयाई निष्कासन गरिएको छ ।

**(दरखास्तसाथ प्रतिशेयर रु.१००/-को दरले (शत प्रतिशत भुक्तानी माग गरीएको)**

### नेटवर्थ सम्वन्धी विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ |
| प्रतिशेयर आम्दानी | (१२.७९) | (०.९८) | (४.०६) | २.५७ | ८.३४ | ६.७१ | ४.२० |
| प्रतिशेयर नेटवर्थ | ७१.२८ | ६२.६५ | ५८.५८ | ६१.१५ | ७९.२१ | ८५.९१ | ९०.११ |
| संचित नाफा/ नोक्सान | (१,७२,३१०) | (२,२४,११२) | (२,४८,५३५) | (२,३३,११०) | (१,६६,३५८) | (१,१२,६९४) | (७९,०८८) |

### प्रतिमेगावाट लागत सम्वन्धी विवरण

संगठित संस्थाको आ.व.२०७३/०७४ लेखापरीक्षण भएको वित्तिय विवरण अनुसार प्रतिमेगावाट लागत **२८.८९ करोड** रहेको छ ।

### विद्यूत उत्पादनको वाँकी अवधि सम्वन्धी विवरण

अनुमतिपत्र वहाल रहने अवधि मिति **२१०१।०८।२५** सम्म रहेकोले **अव २५ वर्ष ६ महिना** वाँकी रहेको छ ।

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी व्यवस्था

**लगानी फिर्ता हुने अवधि( Pay Back Period ) ८.९१ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period ) २३.९९ वर्ष** रहेको छ ।

### लगानीमा हुने जोखिमसम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ १३.दफा **३.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्कासनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्रसम्बन्धी कानूनबमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्कासनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

### क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :

यस कम्पनीले जारी गर्न लागेको प्राथमिक निष्कासनलाई इक्रा नेपाल लिमिटेडले ११ जुलाई २०१८ मा **कमजोर आधारहरु (Poor Fundamentals)** जनाउने **(ICRANP) IPO Grade 5 ग्रेडिङ्ग** प्रदान गरेको छ। सो सम्वन्धी विवरण यस विवरण पत्रको दफा ग.२२(ण) मा उल्लेख गरीएको छ

**आयोजना प्रभावित क्षेत्रका वासिन्दालाई विक्री वितरण गरेको शेयर सर्वसाधारणका लागी निष्काशन गरेको शेयर वाँडफाट भएको मितिले ३ वर्ष पुरा नभए सम्म अरु कसैलाई विक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

| | | |
|---|---|---|
| नेपाल धितोपत्र वोर्डवाट विवरण-पत्र स्विकृती भएको मिति | : | २०७५/०३/२७ |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति | : | २०७५/०३/२९ |
| शेयर निष्कासन खुल्ला हुने मिति | : | २०७५/०४/१७ |
| शेयर निष्कासन बन्द हुने (छिटोमा) मिति | : | २०७५/०४/३१ |
| शेयर निष्कासन बन्द हुने (ढिलोमा) मिति | : | २०७५/०५/१५ |

*धितोपत्र निष्कासक तथा बिक्रि प्रबन्धक :*

सिभिल क्यापिटल मार्केट लि.

Civil Capital Market Ltd.

Estd. 2008

6th Floor, CTC Mall, Sundhara, Kathmandu
Tel. 4262303, 4261251
Email : ccm@civilcapital.com.np
website : www.civilcapitalmarket.com.np

A subsidiary of CIVIL BANK LTD.

## २.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले सिभिल क्यापिटल मार्केट लिमिटेड लाई सम्झनु पर्दछ ।

ग) **"कम्पनी वा संगठित संस्था"** भन्नाले निष्कासनकर्ता कम्पनी आँखुखोला जलविद्युत कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) **"निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा विद्युत विकास विभाग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यवस्थापन"** भन्नाले आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात धादिङ्ग जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउनेछ ।

त्र) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले आँखुखोला–१ जलविद्युत आयोजना निर्माण भएको धादिङ्ग जिल्ला अन्तर्गतका सम्पुर्ण नगरपालिका तथा गाँउपालिकाहरुलाई जनाउनेछ ।

## २.२ विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

यस विवरण पत्र मार्फत निष्कासित साधारण शेयर विक्री वितरणको लागी देहाए वमोजिमको स्थानमा दरखास्त पाउन, रकम जम्मा गर्न र दरखास्त वुझाउन सकिने व्यवस्था गरिएको छ ।

**स्थानियको हकमा निम्न ५ संकलन केन्द्रहरु तोकिएको छ ।**

१. मुक्तिनाथ बिकास बैंक लिमिटेड, , धादिङ्गबेशी शाखा, निलकण्ठ नगरपालिका

२. मुक्तिनाथ बिकास बैंक लिमिटेड, बेनिघाट शाखा, बेनिघाट

३. मुक्तिनाथ बिकास बैंक लिमिटेड, धार्के शाखा, नौबिसे

४. मुक्तिनाथ बिकास बैंक लिमिटेड, आरुघाट शाखा

५. आँखुखोला जलविद्युत कम्पनी लि.को आयोजना स्थलको कार्यालय (Site Office) धादिङ्ग जिल्ला त्रिपुरासुन्दरी गाउपालिका वडा नं. ४ रिङ्गनेवजार

आवश्यकता अनुसार स्विकृति लिई पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ ।

**सर्वसाधारणको हकमा**

नेपाल धितोपत्र वोर्डवाट अनुमती प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय सस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

### ३.१ धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषणः

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

## ३.२ संगठित संस्थाको उद्घोषण :

### ३.२.१ संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिकरूपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्कासनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छौं र लगानीकर्ताहरूलाई लगानीसम्बन्धी सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

### ३.२.२ संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :

यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको वारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ३.२.३ नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो व्यवसायसँग सम्बन्धीत नियमन निकायको सार्वजनिक निष्कासन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरु पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्कासन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र वोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व.२०७३/०७४ सम्मका विवरणहरु पेश गरी कम्पनी अद्यावधिक गरीएको छ ।

### ३.२.४ संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

(१) यस कम्पनीको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्कासन मार्फत् सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ३.३ संगठित संस्था सम्वन्धि जानकारीः

### ३.३.१ संगठित संस्थाको पृष्ठभूमीः

अ) **कम्पनीको नाम :-**यस कम्पनीको नाम आँखुखोला जलविद्युत कम्पनी लिमिटेड रहेको छ ।

आ) **कम्पनी कुन ऐन अन्तर्गत स्थापना भएको सो कुरा** :- यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भएको कम्पनी हो ।

इ) **रजिष्टर्ड कार्यालय :-** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा.नं १, नक्सालमा रहेको छ । आवश्यकता अनुसार स्वीकृत लिई अन्य ठाँउमा पनि शाखा तथा बिद्युत आयोजनाहरु सञ्चालन गर्न सकिनेछ ।

ई) **कारोवार गर्ने मुख्य स्थान :-** कम्पनीको जल विद्युत उत्पादन केन्द्र धादिङ्ग जिल्लाको त्रिपुरा सुन्दरी गाँउपालिका (साबिकका गुम्दी, सल्यानकोट, त्रिपुरेश्वर र मार्पाक गा.वि.स) मा रहेको छ ।

उ) **कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र कम्पनीको मुख्य उदेश्यहरु :-**

- आँखुखोला जलविद्युत कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६४ साल फाल्गुन १९ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भै मिति २०६७ भाद्र १३ गते देखि पब्लीक लिमिटेड कम्पनीमा परिणत भै कम्पनी ऐन २०६३ र विद्युत ऐन २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।
- कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको १० % शेयर उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित धादिङ्ग जिल्ला) का बासिन्दाहरुलाई र जारी पूँजीको १५ % शेयर सर्वसाधारणका लागि निष्कासन तथा बितरण गरिने व्यवस्था छ ।
- कम्पनीमा हाल १,१४९ जना संस्थापक शेयरधनीहरु रहनु भएको छ । कम्पनीको नियमावलीको दफा ५(ङ) अनुसार जारी पूँजीको ७५% प्रतिशत संस्थापक शेयरधनीबाट (क समुह) लगानी गर्ने र बाँकी २५% प्रतिशत सर्वसाधारणलाई (ख समुह) शेयर विक्री गरी पूँजी उठाउने व्यवस्था रहेको छ ।
- कम्पनीको हाल आँखुखोला -१ जलविद्यूत आयोजना (८.४ मे.वा) संचालनमा रहेको छ । **सिङ्गटी साना जलविद्युत आयोजना (२५.० मे.वा.)** अध्ययनबाट यो आयोजना आर्थिक, सामाजिक तथा प्राविधिक दृष्टिकोणबाट आकर्षक देखिएकोले यस आयोजनामा प्रतिशेयर रु १०० दरको ६५,००० थान शेयर लगानी गरेको छ ।
- कम्पनीले भविष्यमा अन्य आयोजनाहरु पनि निर्माण गर्ने उदेश्य लिएको छ ।
- कम्पनीले आँखुखोला–१ जलविद्युत आयोजना निर्माण, उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार उर्जा मन्त्रालय (तत्कालीन जलस्रोत मन्त्रालय) बाट मिति वि.सं. २०६६/०८/२६ गते प्राप्त गरेको हो र उक्त अनुमतिपत्र वि.सं. २१०१/०८/२५ गतेसम्म वहाल रहनेछ ।
- कम्पनीले आँखुखोलाको पानीबाट ८.४ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप मिति २०७० भाद्र ०८ गते देखि ब्यापारिक विद्युत उत्पादन प्रारम्भ गरेको छ । कम्पनीको कुल लागत २४२.७३ करोड रहेको र प्रतिमेगावाट लागत २८.८९ करोड रहेको छ ।
- आयोजनाको साधारण लगानी फिर्ता हुने अवधी (Normal Payback period) ८.९१ वर्ष रहेको छ र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी (Discounted Payback period ) २३.९९ वर्ष रहेको छ ।
- कम्पनीबाट उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६ साल जेष्ठ २२ गते विद्युत खरिद विक्री सम्झौता सम्पन्न भइसकेको छ ।

**कम्पनी र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्नबमोजिम रहेका छन् ।**

(१) आँखुखोला–१ जलविद्युत आयोजनाबाट वार्षिक ४,६१,९३,७१० किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षात्का आठ महिनाहरु (बैशाख देखि मार्ग) सम्मका लागी ३,९५,५०,५९४ किलोवाट घण्टा र हिउँदका महिनाहरु (पौष देखि चैत्र) सम्मका लागी ६६,४३,११७ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

(२) विद्युतको खरीद मूल्य वर्षात्का महिनाहरूका लागि प्रति किलोवाट घण्टा रु. ४/८० र हिउँदका महिनाहरु (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु. ८/४० तोकिएको छ । यो खरिद दरको लागि आर्थिक वर्ष २०७०/०७१ लाई

आधार वर्ष मानिएको छ । विद्युत खरिद-बिक्री गर्ने निर्धारित आधार वर्षको दरमा प्रतिवर्ष ३ प्रतिशतका दरले ५ पटकको लागि मूल्य वृद्धि दिइने र PCOD को सात बर्ष पश्चात COD भएको बर्षलाई आधार बर्ष मानी साबिकको विद्युत खरिद-बिक्री सम्झौताको प्राबधान अनुसार मुल्यबृद्धि समेत गर्दा जुन अबधिमा जुन खरिददर हुन आउछ सो खरिददर विद्युत खरिद-बिक्री सम्झौताको बाँकी अबधिभर लागु हुनेछ ।

(३) आर्थिक वर्ष २०७०/०७१ मा व्यवसायिक उत्पादन सुरु भएपछि सम्झौता बमोजिम प्रति युनिट वर्षातका महिनाहरूका लागि रु. ५.३८ र हिउँदका महिनाहरूका लागि रु. ९.१६ को दरले भुक्तानी प्राप्त भईरहेको छ ।

(४) आँखुखोला–१ बाट उत्पादन भएको विद्युत धादिङ्गवेसी सब–स्टेशनमा मुख्य मिटर र चेक मिटर जडान गरी बिद्युत बिक्रीको युनिट गणना गर्ने व्यवस्था रहेको छ ।

(५) प्रत्येक आर्थिक वर्षमा बढीमा १४४ घण्टा सम्मको विद्युत आपूर्ति नेपाल विद्युत प्राधिकरणले लिन नसकेमा सो बापत भुक्तानी माग नगरिने व्यवस्था छ । सो भन्दा बढी भएमा **Take or Pay** को दफा लागु हुने व्यवस्था रहेको छ । यस व्यवस्था अनुसार नेपाल विद्युत प्राधिकरणले आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति खरिद गरि नलिएमा पनि भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ ।

**कम्पनीको मुख्य उद्देश्यहरुः**

(क) नेपालका विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा विक्री वितरण गर्ने ।

(ख) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धी आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रसारण, वितरण लाइन, सव–स्टेशनहरु लगायतको आवश्यक निर्माण संचालन एंव मर्मत संभार सम्बन्धी कार्य गर्ने ।

(ग) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि आवश्यक पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

(घ) विद्युत उत्पादक कम्पनीहरुबाट उत्पादित विद्युत उर्जा लिजमा लिई वा खरिद गरी बिक्री वितरण गर्ने वा सव लिज गर्ने ।

(ङ) जलविद्युत तथा अन्य सौर्य र वायुस्रोतहरुबाट विद्युत उत्पादनका लागी अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागी आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्न तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धी परामर्श प्रदान गर्ने गराउने ।

(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत वाहेक अन्य सौर्य र वायु स्रोतहरुबाट पनि विद्युत उत्पादन गरी विक्री वितरण गर्ने । सो सम्बन्धी प्राविधिक तथा इन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।

ऊ) **कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :-** यस कम्पनीको कुनै सहायक कम्पनी नरहेको ।

ए) **देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म) :**

(१) **कम्पनीले उत्पादन गर्ने बस्तु वा प्रदान गर्ने सेवाहरु** : साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण, संचालन र ब्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने विधि** :-जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :-** नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :-** उत्पादित बिद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई विक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** :- भबिष्यमा थप नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन गरी प्रवर्द्धन गर्ने ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** :- विद्युत खरीद विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत विक्री गर्ने ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : आयोजनाको उत्पादन क्षमता ८.४ मेगावाट रहेको छ र वार्षिक ४६ गिगावाट आवर (GWH) रहेको छ । मिति २०७० भाद्र ०८ गते देखि ब्यापारिक विद्युत उत्पादन सुरु भई हाल सम्म नियमित विद्यूत उत्पादन भई रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** आँखुखोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** : जलविद्युत संरचना र बिद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास :** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्य भइरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** : नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः** उत्पादित सम्पुर्ण विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा वजारको लागि अन्य समान उद्योगहरु विच प्रतिस्पर्धा नहुने ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण** :- उत्पादित सम्पूर्ण विद्युत नेपाल बिद्युत प्राधिकरणलाई बिक्री गर्ने सम्झौता भएकोले बजारको लागी नेपाल विद्युत प्राधिकरणमा निर्भर रहनु पर्ने ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण :-** जलविद्युत केन्द्रमा जडित उपकरणहरुको Spare Parts को लागि मात्र Hunan Allonward Hydro-Generating Equipment चीनसंग निर्भर रहनु पर्ने ।

### ३.३.२ कम्पनीको सम्पत्ति सम्बन्धी विवरणः

क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :-** कम्पनीको स्वामित्वमा रहेको आँखुखोला जलविद्युत केन्द्रको प्लाण्ट तथा उपकरणहरु सल्यानकोट गा.वि.स.को रिङने स्थित विद्युत गृहमा जडान भईरहेको अवस्थामा रहेका छन् । विद्युत उत्पादन केन्द्रका सिभिल संरचनाहरु सल्यानकोट गा.वि.स.,( हाल त्रिपुरासुन्दरी गाँउपालिका) धादिङ्गमा रहेका छन् । २०७४ आषाढ मसान्त सम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण यस प्रकार रहेको छ ।

**रकम रु. हजारमा**

| क सं | विवरण | कुल मुल्य रु | हालसम्म ह्रास कटी | नेट मुल्य | रहेको स्थान | पछिल्लो अवस्था |
|---|---|---|---|---|---|---|
| १ | कम्प्युटर | ७८० | ५४३ | २३७ | प्रधान कार्यालय र साइट कार्यालय | चालु |
| २ | फर्निचर | १,६१७ | १,०६३ | ५५४ | प्रधान कार्यालय र साइट कार्यालय | चालु |
| ३ | सवारी साधन | १५० | १२५ | २५ | साइट कार्यालय | चालु |
| ४ | मेशिनरी | ११,४९२ | ७,७५४ | ३,७३८ | साइट कार्यालय | चालु |
| ५ | अन्य | ६२६ | ३७९ | २४७ | साइट कार्यालय | चालु |
| ६ | **क्यापिटलाइज्ड सम्पति** | **२४,१२,६५५** | **३,०२,३७१** | **२१,१०,२,८४** | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | सिभिल वर्कस | १३,१४,८६१ | १,६४,६८६ | ११,५०,१७५ | आयोजना स्थल | चालु |
| ख | इलेक्ट्रोमेकानिकल वर्कश | ३,७९,८७६ | ४७,७२४ | ३,३२,१५२ | आयोजना स्थल | चालु |
| ग | ल्याण्ड एण्ड ल्याण्ड डेभलपमेन्ट | २,१७,८४६ | २७,२८९ | १,९०,५५७ | आयोजना स्थल | चालु |
| घ | ट्रान्समिसन लाईन एण्ड सब-स्टेसन | ४७६१० | ५,९८१ | ४१,६२९ | आयोजना स्थल | चालु |
| ङ | हाईड्रो मेकानिकल वर्कश | ४,५१,२४६ | ५६,६९१ | ३,९४,५५५ | आयोजना स्थल | चालु |
| च | क्यापिटल वर्क-इन-प्रोग्रेस | १,२१५ | | १,२१५ | . | |
| | **जम्मा** | २४,२,७,३२० | ३,१२,२३५ | २१,१५,०८५ | | |

ख) **बूंदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :-** आफ्नै सम्पत्ति भएको र लिजमा नलिएको ।

ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :-** यो परियोजना निर्माण तथा संचालनका लागी आवश्यक ऋण पुँजी जुटाउन परियोजनाका भौतिक संरचनाहरु सहवित्तीयकरण वैकहरु प्राइम कर्मशियल वैक लि., माछापुच्छ्रे बैंक लि., सनराइज बैंक लि., प्रभु बैंक लि., कुमारी बैंक लि. र राष्ट्रिय बाणिज्य बैंक लि. को नाममा धितो रहेको छ ।

घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन ।

ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** कम्पनीले सम्पुर्ण सम्पतीहरु ऐतिहासिक लागत मुल्यमा मुल्यांकन गरेको छ ।

### ३.३.३ कम्पनीको भावी योजना तथा रणनीति :

**क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

१. कम्पनीको मुख्य उदेश्य नेपालको जलविद्युत क्षेत्रमा एक सक्षम कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।

२. कम्पनीले आफ्नो उदेश्य प्राप्तीको लागी हाल संचालित ८.४ मे.वा क्षमताको आँखुखोला जलविद्युत आयोजनाको अतिरिक्त अन्य सम्भावित आयोजनाहरुको पनि अध्ययन गरी रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :-**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर संभावना रहेको भएपनि वर्तमान अवस्थामा विद्युतको माग र आपुर्ति बीच ठूलो खाडल रहेको छ । जसले गर्दा नेपाली जनताले चर्को लोडसेडिङको मार खेप्नु परिरहेको छ । यसको पर्याप्त विकास हुन सके छिमेकी मुलुकरुमा निर्यात पनि गर्न सकिने हुँदा यो व्यवसायमा प्रतिस्पर्धाको अवस्था न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाको पहिचान तथा विकास गर्दा अन्य बस्तुको जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

कम्पनीको हालको स्थिती अवस्थाको वारेमा वुँदा ३.३.२ मा उल्लेख गरीएको छ ।

### ३.३.४ संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धि व्यवस्थाः

कम्पनीको नियमावलीमा देहाय बमोजिमका ९ (नौ) जना संचालक सदस्य रहेको एक संचालक समिति हुने व्यवस्था रहेको छ :

क) **"क"समूहमा रहेका संस्थापक समुहबाट** मनोनित /निर्वाचित ५ जना

ख) **"ख"समूहमा रहेका** सर्वसाधारण शेयरधनीहरु बाट २ जना

ग) **स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक** २ जना

घ) **संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर सख्या :** यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ। संचालकको कार्यकाल ४ वर्षको हुनेछ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

## ३.४ पूँजी संरचना सम्वन्धि विवरण:

### (क) पूँजीको संरचना :-

**१) अधिकृत पूँजी (Authorised Capital):**

कम्पनीको अधिकृत पूँजी रु. १,१५,००,००,०००/- (एक अर्व पन्ध्र करोड ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १,१५,००,००० (एक करोड पन्ध्र लाख) थान शेयरमा विभाजन गरिएको छ।

**२) जारी पूँजी (Issued Capital):**

कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ८०,००,००,०००/- (असी करोड रुपैयाँ) हुने छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ८०,००,००० (असी लाख) थान शेयरमा विभाजन गरिएको छ।

**३) चुक्ता पूँजी (Paid up Capital):**

कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ६०,००,००,०००/- (साठी करोड रुपैयाँ) रहेको छ। यस विवरणपत्र मार्फत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्कासन पश्चात कम्पनीको चुक्ता पूँजी रु. ६८,००,००,०००/- (अठ्सट्ठी करोड रुपैयाँ मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्ट्याइएको पूरै शेयर निष्कासन भएपछि कम्पनीको चुक्ता पूँजी ८०,००,००,०००/–(असी करोड रुपैयाँ मात्र) हुनेछ।

**संस्थाको स्थापना पश्चात पूँजी परिवर्तन सम्बन्धी विवरण**

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | मिति |
|---|---|---|---|
| २०६५/०६६ | २०,००,००,०००।- | २०,००,००,०००।- | २०६५/११/११ |
| २०६५/०६६ | ३०,००,००,०००।- | ३०,००,००,०००।- | २०६६/०१/२२ |
| २०६६/०६७ | १,१५,००,००,०००।- | ३५,००,००,०००।- | २०६६/०५/०५ |
| २०६७/०६८ | १,१५,००,००,०००।- | ६०,००,००,०००।- | २०६७/०५/१३ |
| २०७०/०७१ | १,१५,००,००,०००।- | ८०,००,००,०००।- | २०७०/०९/२४ |

### (ख) निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप)

उद्योग प्रभावित स्थानिय बासिन्दा तथा सर्वसाधारणलाई शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात कम्पनीको पूँजी संरचना यस बमोजिम हुनेछ।

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता पूँजी रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनी | ६०,००,००० | ७५% | ६०,००,००,०००/- | शतप्रतिशत |
| ख | उद्योग प्रभावित क्षेत्र (धादिङ्ग जिल्ला) का बासिन्दा | ८,००,००० | १०% | ८,००,००,०००/- | शतप्रतिशत |
| ख | सर्वसाधारणहरु | १२,००,००० | १५% | १२,००,००,०००/- | शतप्रतिशत |
| | **जम्मा** | ८०,००,००० | | ८०,००,००,०००/- | |

***नोट: उद्योग प्रभावित क्षेत्र धादिङ्ग जिल्लाका बासिन्दाहरु र सर्वसाधारणहरुलाई बिक्रि गरिने शेयर चुक्ता हुन बाँकी रहेकोछ।***

(ग) **शेयर प्रिमियम खाता (निष्कासन पुर्व र निष्कासन पश्चात)**

कम्पनीले सर्वसाधारणलाई निष्कासन गर्न लागेको शेयरमा प्रिमियमको व्यवस्था नभएको ।

## ३.५ संस्थापक/संचालक सम्वन्धि जानकारीः

### ३.५.१ संस्थापक/संचालकहरुको पृष्ठभूमी :

(क) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

**आधारभुत शेयरधनीको विवरणः**

| नम | ठेगाना | उमेर | राष्ट्रियता | शेयर कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|
| शम्भु धमला | ज्याम्रुङ्ग ९, धादिङ्ग | ५१ वर्ष | नेपाली | ६०,००० थान | वि.ए एम. कम | विगत १० वर्ष देखी इको पार्केट एण्ड डेकोरेटर प्रा.लिको संचालक अध्यक्ष |
| प्रमोद प्रसाद चौधरी | वेलविछुवा-५, रौतहट | ४६ वर्ष | नेपाली | ८३,००० थान | आइ.कम | प्रोप्राइटर एम.डि चौधरी ट्रेडर्स, काठमाण्डौ आयल स्टोर एण्ड ट्रेड लिक संचालक .अर्सनल को- अपरेटिभ |
| टंकेश्वर खनाल | का.जि.का.म.न.पा ३४ | ५९ वर्ष | नेपाली | ७०,००० थान | आइ.ए. | प्रोप्राइटर टंकेश्वर आयल स्टोर तथा यातायात व्यवसायमा सम्लग्न |
| फुपु छेवाङ्ग शेर्पा | का.जि.का.म.पा. वडा नं.६ | ५२ वर्ष | नेपाली | ६८,६५० थान | साधारण लेखपढ | पर्यटन व्यवसायमा विगत १० वर्ष देखी सम्लग्न |
| महेश प्रसाद रिजाल | सुनौला वजार -४, धादिङ्ग | ४५ वर्ष | नेपाली | १,००,००० थान | वि.ए | कृषि व्यवसाय |
| जनक प्रसाद भट्ट | मच्चोक - ४, गोरखा | ४० वर्ष | नेपाली | २,००,००० थान | एस.एल.सी | प्रोप्राइटर कान्तिपुर हार्डवयेर सेन्टर, सि.पी ट्रेडिङ, संचालक नवजिवन स्कुल एण्ड कलेज प्रा.लि. संचालक एम जे.पि. सिमेन्ट उद्योग प्रा.लि. संचालक काठमाण्डौ स्टिल प्रा.लि. |
| शर्मिला तामाङ्ग | कटारी-४, उदयपुर | ३८ वर्ष | नेपाली | १,५५,००० थान | वि.ए | विभिन्न किसिमको व्यक्तिगत व्यवसायमा संलग्न |
| चन्द्र वहादुर तामाङ्ग | धरान-८, सुनसरी | ६८ वर्ष | नेपाली | १,५०,००० थान | साधारण लेखपढ | विभिन्न किसिमको व्यक्तिगत व्यवसायमा संलग्न |
| शेखर वस्नेत | का.जि.का.म.पा.वडा नं.२९ | ५२ वर्ष | नेपाली | १,००,००० थान | आइ.ए. | पर्यटन व्यवसायमा सम्लग्न |
| नवराज अधिकारी | विरेन्द्र नगर- ३, चितवन | ४४ वर्ष | नेपाली | ८१,५०० थान | व्याचलर डिग्री | प्रोप्राइटर आर.एन ट्रेडर्स लगायत विभिन्न व्यक्तिगत व्यवसायमा संलग्न |
| सृजना श्रेष्ठ | ल.पु.म.न.पा ३, | ३५ वर्ष | नेपाली | ६४,५०० थान | व्याचलर डिग्री | पर्यटन व्यवसायमा संलग्न |
| डा.उमेद कुमार पुन | ल.पु.म.न.पा.१४ | ५७ वर्ष | नेपाली | ७५,००० थान | पि.एच.डि. | कृषि विशेषज्ञ |
| श्रीष्टी लिम्वु | ल.पु.म.न.पा ३ | ३६ वर्ष | नेपाली | ७५,००० थान | व्याचलर डिग्री | शिक्षा क्षेत्रमा संलग्न |

**संचालकहरुको विवरण :**

| क्र.सं. | नाम | ठेगाना | उमेर | पद | राष्ट्रियता | शेयर कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|

| क्र.सं. | नाम | ठेगाना | उमेर | पद | राष्ट्रियता | शेयर कित्ता | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | राम श्रेष्ठ | का.जि.का. म.पा.वडा नं. २९ | ४३ वर्ष | अध्यक्ष | नेपाली | ३५,००० थान | वि.कम. | अध्यक्ष एक्सप्लोर कैलाश ट्रेक्स प्रा ली<br>संचालक मनाङ्ग एयर प्रा. ली<br>अध्यक्ष एग्रीगेट सर्भीस प्रा. लि.<br>अध्यक्ष होटल हिमालयन भिल्ला प्रा.लि |
| २. | राम प्रसाद सापकोटा | त्रिपुरेश्वर-६, धादिङ्ग | ४५ वर्ष | संचालक | नेपाली | ८३,००० थान. | आइ.कम | भु पु उपाध्यक्ष-ट्राभल्स एसोसियसन अफ नेपाल ( TAN )<br>संचालक- हिमालयन सोसल जर्नी प्रा.लि.<br>संचालक- हिमालयन सोसल ट्रेकिङ्ग<br>संचालक- अल्टिच्युड एयर प्रा.लि |
| ३. | नारायण प्रसाद अर्याल | नलाङ्ग-३ धादिङ्ग | ४५ वर्ष | संचालक | नेपाली | १,५०० थन | एम. वि. ए. | विगत १६ वर्ष देखी त्रिभुवन विश्वविद्यालय, सरस्वती बहुमुखी क्याम्पसमा उप प्राध्यापकको रुपमा कार्यरत |
| ४. | दिनेश प्रसाद श्रेष्ठ | बहादुरगंज-४ कपिलवस्तु | ६२ वर्ष | संचालक | नेपाली | ५०,००० थन | एम.ए अर्थशास्त्र | नेपाल नागरीक उड्ययन प्राधिकरणमा डेपुटी डि.जि.तथा एकेडेमिक चिफ र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा जनरल मेनेजर पदवाट निवृत्त (सेवा अवधी ३२ वर्ष) |
| ५. | नरहरि पुडासैनी | गोकर्णेश्वर ६ काठमाण्डौ | ५४ वर्ष | संचालक | नेपाली | ३२,५०० थान | एस.एल.सी. | नेपाल लाइफ इन्सुरेन्स कम्पनी लि.मा १५ वर्ष देखी विजनेश को-अडिनेटर पदमा कार्यरत |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक ब्यक्ति नखुले सम्म) :**

| नम | ठेगाना | कार्यक्षेत्र | संचालकको नाम | संचालकको ठेगाना |
|---|---|---|---|---|
| सिभिक इन्भेष्टमेन्ट प्रा.लि. | का.जि.का.म. पा.वडा नं.२ | विभिन्न उद्योग व्यवसायहरु जस्तै उत्पादन मुलक सेवा मुलक,संचार स्वास्थ्य, वित्त, विमा तथा जलविद्युत कम्पनीहरुमा लगानी गर्ने | श्री नारायण कुमार श्रेष्ठ<br>श्री गजेन्द्रमान श्रेष्ठ<br>श्री रमेश किशोर श्रेष्ठ<br>श्री श्याम कृष्ण श्रेष्ठ<br>श्री पदम कुमार श्रेष्ठ | वुढाथुम-८ धादिङ्ग<br>विदुर -९ नुवाकोट<br>आरुचनौटे-१ गोरखा<br>का.जि.का.म.पा.वडा नं.३१<br>आरुचनौटे-२ गोरखा |
| श्रीकृष्ण इन्भेष्टमेन्ट प्रा.लि | का.जि.का.म. पा. वडा नं.६ | विभिन्न उद्योग व्यवसायहरु जस्तै उत्पादन मुलक सेवा मुलक, शेयर, पर्यटन, वित्त, विमा तथा जलविद्युत कम्पनीहरुमा लगानी गर्ने | श्री कला सिवाकोटी<br>श्री सरोजा सिवाकोटी | का.जि.का.म.पा. वडा नं.४<br>चितवन जिल्ला भरतपुर न.पा वडा नं.१२ |
| रेन्वो इन्भेष्टमेन्ट फन्ड प्रा.लि | का.जि.का.म. न.पा. वडा नं.३१ | विभिन्न उद्योग व्यवसायहरु जस्तै उत्पादन मुलक सेवा मुलक, रियलस्टेट, वित्त, विमा तथा जलविद्युत कम्पनीहरुमा लगानी गर्ने | निर्मल ज्योति तुलाधर<br>त्रिलोक नरसिंह शाक्य<br>अनिल श्रेष्ठ<br>सुमन मान ताम्राकार<br>पंकज चन्द्र श्रेष्ठ<br>नारायण भक्त श्रेष्ठ | का.जि.का.म.पा.वडा नं.२५<br>ल.पु.जि. ल.पु.न.पा. वडा नं.१६<br>का.जि.का.म.पा.वडा नं. १२<br>का.जि.का.म.पा.वडा नं. ११<br>का.जि.का.म.पा.वडा नं. २४<br>भक्तपुर न.पा.वडा नं.१५ |

| | | | | |
|---|---|---|---|---|
| होटल होली हिमालय प्रा.लि | का.जि.का.म.पा. वडा नं.२९ | पर्यटन व्यवसाय अर्न्तगत होटल तथा रेस्टुरेन्ट, सेवा | आशा गुरुङ्ग<br>पुर्ण कुँवर<br>हरिहर फुँयाल<br>सुनिलवर सिंह थापा | सत्यदेवी-८, धादिङ्ग<br>पाङराङ-९, पर्वत<br>ओखरपौवा -१, नुवाकोट<br>मनमैजु-९, काठमाण्डौ |
| प्रिमियर सेक्यूरिटिज कम्पनी लि. | का.जि.का.म.पा. वडा नं.३१ | शेयर दलाल सम्वन्धी कारोवार गर्ने । | रविन्द्र प्रसाद न्हुच्छे प्रधान<br>सन्तोष कुमार साहेवाला<br>सन्तोषमान श्रेष्ठ<br>रविन्द्र प्रधान<br>निलम श्रेष्ठ<br>हसना कसजु | का.जि.का.म.पा. वडा नं.२२<br>भद्रपुर , झापा<br>का.जि.का.म.पा. वडा नं.१८<br>का.जि.का.म.पा. वडा नं.१२<br>का.जि.का.म.पा. वडा नं.२५<br>का.जि.का.म.पा. वडा नं.३१ |

**(ग) संगठित संस्थाको संचालकहरु, अन्य कुनै संस्था, कोष संगठन संग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :**

| क्र.सं. | नाम | सम्वन्धित रहेको संस्था, फर्म र कम्पनीहरु | त्यस्तै खालको अन्य कम्पनीको संचालक भए /नभएको |
|---|---|---|---|
| १. | राम श्रेष्ठ | अध्यक्ष- एक्सप्लोर कैलाश ट्रेक्स प्रा.लि.<br>संचालक- मनाङ्ग एयर प्रा.लि.<br>अध्यक्ष- एग्रीगेट सर्भीस प्रा. लि.<br>अध्यक्ष- होटल हिमालयन भिल्ला प्रा.लि. | नभएको |
| २. | राम प्रसाद सापकोटा | भु पु उपाध्यक्ष-ट्राभल्स एसोसियसन अफ नेपाल (TAN )<br>संचालक- हिमालयन सोसल जर्नी प्रा.लि.<br>संचालक- हिमालयन सोसल ट्रेकिङ्ग<br>संचालक- अल्टिच्युड एयर प्रा.लि | नभएको |
| ३. | नारायण प्रसाद अर्याल | त्रिभुवन विश्वविद्यालय, सरस्वती बहुमुखी क्याम्पसमा उप प्राध्यापकको रुपमा कार्यरत | नभएको |
| ४. | दिनेश प्रसाद श्रेष्ठ | नेपाल नागरीक उड्ययन प्राधिकरणमा डेपुटी डि.जि.तथा एकेडेमिक चिफ र त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा जनरल मेनेजर पदवाट निवृत्त (सेवा अवधी ३२ वर्ष) | नभएको |
| ५ | नरहरि पुडासैनी | नेपाल लाइफ इन्सुरेन्स कम्पनी लि.मा १५ वर्ष देखी विजनेश को-अडिनेटर पदमा कार्यरत | नभएको |

**घ) कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१) कम्पनीका संचालक त्यस्तै खालको अन्य कम्पनीको संचालक भए /नभएको :-**

यस कम्पनीका संचालकहरु त्यस्तै खालको अन्य कम्पनीको संचालक नभएको ।

**(ङ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

अ) शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोवन्धक राख्न संचालक समितीको पुर्व स्वीकृती लिनु पर्नेछ स्वीकृती विना गरीएको शेयर खरिद वा हस्तान्तरण मान्य हुने छैन ।

आ) सर्वसाधारण शेयरधनी समुह वाहेक अन्य समूह (सस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँट भएको मितिले ३ वर्षको अवधि पुरा नभै विक्री गर्न पाइने छैन ।

**३.५.२ संस्थापक/संचालकसंगको कारोबार :**

क) **संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा ( आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** -संचालकहरुलाई वैठक भत्ता वापत प्रति वैठक रु ५,००० प्रदान गर्ने गरीएको । यस वाहेक अन्य वस्तु वा सुविधा प्रदान नगरीएको ।

ख) **बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :-** कम्पनीको वार्षिक साधारण सभाले निर्णय गरे वमोजिम ।

**३.६ सिमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा भएको हो । यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकम सम्म मात्र सिमित रहनेछ ।

**३.७ संगठित संस्थाको कर्मचारी सम्वन्धि विवरण:**

**३.७.१ संगठित संस्थाको कर्मचारी सम्वन्धि विवरण:**

क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने सम्बन्धी विवरण:

| नाम | ठेगाना | पद | शैक्षिक योग्यता | नियुक्ति मिति | अनुभव | शेयर कित्ता |
|---|---|---|---|---|---|---|
| कमल प्रसाद पनेरु | सर्णामती-४ झापा | प्रमुख व्यवस्थापन सल्लाहकार | चार्टर्ड एकाउनटेन्सी वि.वि.एस् | २०७३।११।५ | CSC&Co., चार्टर्ड एकाउन्टेन्टस्मा मार्च २००७ देखी अप्रिल २०१० सम्म ३ वर्ष अडिट ट्रेनिको रुपमा काम गरेको । यस क्रममा विभिन्न वैक वित्तिय संस्था, एन.जि.ओ. तथा आइ.एन.जि.ओ.हरु, जलविद्युत कम्पनीहरुको लेखा परिक्षण तथा परामर्श सेवा प्रदान गरेको ।<br>सानिमा वैंक लि.मा अप्रिल २०१० देखी नोभेम्वर २०११ सम्म वित्त प्रमुखको रुपमा काम गरेको ।<br>मार्च २०१६ देखी हाल सम्म यस आँखुखोला जलविद्यूत कम्पनीको प्रमुख व्यवस्थापन सल्लाहकारको रुपमा कार्यरत | २,००० थान |
| यूवराज उपाध्याय | दिमिपोखरी-१ रामेछाप | वित्त प्रवन्धक | एम.वि.एस( फाइन्नान्स) चार्टर्ड एकाउन्टेन्सी फाइनल | २०७२।११।१२ | अडिट फर्म टि.पनेरु एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्समा अक्टोवर २००९ देखी अक्टोवर २०१२ सम्म अडिट ट्रेनिको रुपमा काम गरेको<br>सिने डे सेफ कम्पनी प्रा.लि.मा अप्रिल २०१३ देखी अक्टोवर २०१४ सम्म फाइनान्स मेनेजरको रुपमा कार्य गरेको । | छैन । |
| मो. अब्बास अन्सारी | गौर-५ रौतहट | प्लान्ट मेनेजर | वि.इ.इलेक्ट्रिकल | २०७१।४।१ | AB Ampere Pvt. Ltd. पाकिस्तानमा अक्टोवर २०११ देखी नोभेम्वर २०१३ सम्म इलेक्ट्रिकल इन्जिनियरको रुपमा कार्य गरेको<br>यस आँखुखोला जलविद्यूत कम्पनीको प्लान्ट मेनेजरको रुपमा जुलाई २०१४ देखी हाल सम्म कार्यरत । | छैन । |

**प्रमुख व्यवस्थापन सल्लाहकार संग भएको सम्झौताका मुख्य वुँदाहरु**

- ✓ कम्पनीको दैनिक प्रसासनिक कार्यको व्यवस्थापन गर्ने ।
- ✓ कम्पनीको मुख्य कार्यालय र आयोजना स्थलमा रहेका कर्मचारीहरुको व्यवस्थापन गर्ने ।

- ✓ कम्पनीले जारी गर्न लागेको प्राथमिक शेयर निष्काशन (IPO) सम्बन्धमा सम्पुर्ण व्यवस्थापन गर्ने ।
- ✓ सहवित्तियकरण कर्जामा सहभागी वैकहरुसंग कम्पनीको प्रतिनिधिको हैसियतमा वैठकमा सहभागी हुने र निर्णय कार्यान्वयन गराउने ।
- ✓ नियमनकारी निकायहरु जस्तै नेपाल धितोपत्र बोर्ड, नेपाल विद्युत प्राधिकरण, विद्युत विकाश विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरीक राजश्व कार्यालय, उद्योग विभागमा कम्पनीको तर्फवाट प्रतिनिधित्व गर्ने ।
- ✓ नयाँ आयोजनाहरुको खोज अनुसन्धान गरी उपयूक्त आयोजना अगाडी वढाउनको लागी आवस्यक व्यवस्थापन गर्ने ।

**कम्पनीका कर्मचारीहरु अन्य सुचिकृत संगठित संस्थाको आधारभुत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्वन्धि विवरण** : -सो नभएको

ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडीको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो उल्लेख गर्नुपर्ने** : नभएको

ग) कर्मचारी संख्या : ४७
स्थायी : ४७
अस्थायी : छैन

**३.७.२ संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण:**

**क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

अ) कम्पनीका संचालकहरुलाई संचालक समितिको बैठकमा भाग लिए वापत वार्षिक साधारण सभाले पारित गरे बमोजिम प्रति बैठक जनही रु ५,०००/- (पाँच हजार) बैठक भत्ता । यसमा साधारण शभाले समय समयमा थपघट गर्न सक्नेछ ।

आ) संचालकहरुले बैठकमा उपस्थित भए वापत बैठक भत्ता बाहेक अन्य सुविधा लिएका छैनन् ।

इ) दैनिक भ्रमण भता तथा सुविधाहरु:- काठमाण्डौ उपत्यका वाहिर:-रु.३,०००, नेपाल वाहिर सार्क राष्ट्र भित्र :-.२०० यु.एस. डलर, अन्य राष्ट्र:-.३०० यु.एस.डलर, विदेश भ्रमणमा लुगा भत्ता वापत प्रतिव्यक्ति ने.रु. १०,०००।- प्रदान गर्ने गरिएको ।

**ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम :**

| सि.नं. | नाम | पद | शैक्षिक योग्यता | वार्षिक तलव भत्ता ( रु.) |
|---|---|---|---|---|
| १. | कमल प्रसाद पनेरु | प्रमुख व्यवस्थापन सल्लाहकार | चार्टर्ड एकाउन्टेन्सी वि.वि.एस् | १५,२९,४११।- |
| २. | यूवराज उपाध्याय | वित्त प्रवन्धक | एम.वि.एस(फाइनान्स) चार्टर्ड एकाउन्टेन्सी फाइनल | ५,९७,३७५।- |
| ३. | इ. मो. अब्बास अन्सारी | प्लान्ट मेनेजर | वि.इ.इलेक्ट्रिकल | ७,३७,५००।- |

**ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**३.८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:**

कम्पनीले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन् ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

- आयोजना निर्माण सम्पन्न भई संचालनमा रहेकोले आयोजना निर्माण गर्न पूँजी अपुग हुन सक्ने जोखिम नरहेको ।
- कम्पनीको प्रक्षेपण अनुसार विद्युत उत्पादन नभई विद्युत विक्री वाट हुने आम्दानी घट्न गएमा संचालन गतिविधिवाट हुने नगद प्रवाहमा कमी आउने र नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- उत्पादित सम्पुर्ण बिद्युत शक्ति नेपाल बिद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएकोले बजारको जोखिम नरहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :
- नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :
- विदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु :
- अनुमती तथा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निमार्ण कार्यमा ढिलाई हुन सक्ने ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुने जोखिमहरु ।

(झ) संचालन इतिहासको अभावः-विक्रम सम्वत २०७० साल भाद्र ८ गतेवाट ८.४ मे.वा क्षमताको जलविद्युत आयोजना निर्माण सम्पन्न गरी संचालन गरी रहेको अनुभव भएकोले आयोजना निर्माण तथा संचालन इतिहास अभाव नरहेको ।

ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा ।

(ट) अन्य जोखिम
(१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(२) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(३) प्राकृतिक प्रकोप/ विपत्तिका कारणले आउन सक्ने जोखिम ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको छ । उर्जा विभिन्न श्रोतवाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत, इत्यादी । नेपाल जलश्रोतको धनि देश भएको र अन्य विद्युत उर्जाको स्रोतहरु भन्दा पानीवाट उत्पादन हुने विद्युतलाई भरपर्दो मानिन्छ । उर्जाका लागी जलविद्युतको आवस्यकता र महत्व कहिल्यै कम नहुने, जलविद्यूत आयोजनाको लगानीमा अन्य स्रोत भन्दा न्यून जोखिम रहेको र यस प्रकारको आयोजनाले वातावरणमा पनि न्यून प्रभाव पर्ने व्यवस्थापनको धारणा रहेको छ । त्यस कारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीवाट भरपर्दो विद्युत उत्पादन गर्न सकिने र यसको लागत पनि अन्य उर्जाका श्रोत भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा जलविद्युत आयोजनाहरुमा जोखिम कम रहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्था, आयोजनाको संरचना, मेसिन, औजार, तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न विमाको व्यवस्था तथा दैवी प्रकोपवाट हुन सक्ने सम्भावित जोखिमका कारण उत्पादन हुन नसकेको विद्युतको पनि विमा गरीएको छ । कम्पनीले सिभिल वर्कस् तर्फ ९८,७५,०७,३३५।-, हाइड्रो इलेक्ट्रो मेकानिकल इक्वीपमेन्ट तर्फ ५५,००,००,०००।-, ६६ के.भी प्रसारण लाइन तर्फ ४,००,००,०००।-, व्यवसायीक अवरोधको कारण हुने घाटाको लागी ११,००,००,०००।- सगरमाथा इन्सुरेन्स कं लि. वाट इन्सुरेन्स गराइएको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ३.९ वित्तिय बिवरण

### ३.९.१ वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण

(क) कम्पनीको लेखापरीक्षण भएको पछिल्लो वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब र नगद प्रवाहको विवरण :

**२०७४ आषाढ मसान्तको वासलात**

| बिवरण | आ.ब. २०७३/०७४ (रु. हजारमा) |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| **शेयरहोल्डरहरुको कोष** | |
| शेयर पुंजी | ६,००,००० |
| जगेडा कोष र संचित नाफा/नोक्सान | (२,४८,५३४) |
| **कूल पुंजी** | **३,५१,४६६** |
| **दिर्घकालिन कर्जा** | |
| आबधिक कर्जा | १५,३९,८२८ |
| **कुल कर्जा** | १५,३९,८२८ |
| **जम्मा पूंजी तथा दायित्व** | **१८,९१,२९४** |
| **सम्पति** | |
| **दिर्घकालिन सम्पति** | |
| स्थिर सम्पति | |
| जम्मा स्थिर सम्पति | २४,२७,३२० |
| न्युन संचित ह्रास | ३,१२,२३५ |
| **खुद स्थिर सम्पति** | **२१,१५,०८५** |
| **लगानी** | **६,६००** |
| **चालु सम्पति** | |
| नगद तथा बैंक मौज्दात | ६०४ |
| अग्रिम भूक्तानी पेश्कि तथा धरौटी | ७,११४ |
| नेपाल विद्यूत प्राधिकरणबाट पाउनुपर्ने | १,३६,४५४ |
| **जम्मा चालू सम्पति** | **१,४४,१७२** |
| **न्युनः चालू दायित्व तथा व्यवस्था** | |
| अधिबिकर्ष कर्जा | २७,००० |
| आसामीहरु तथा व्यबसायिक दायित्व | २,३१,७४६ |
| अन्य दायित्व | १,१५,८१८ |
| **जम्मा चालू दायित्व** | **३,७४,५६४** |
| **खूद चालु सम्पत्ति** | (२,३०,३९१) |
| **जम्मा सम्पति** | **१८,९१,२९४** |

**नाफा नोक्सान हिसाब (श्रावण १,२०७३ देखि आषाढ ३१, २०७४)**

| बिवरण | आ.ब. २०७३/०७४ (रु. हजारमा) |
|---|---|
| **आम्दानीः** | |
| विद्यूत बिक्रि आम्दानी | २,१७,८०७ |
| व्याज तथा छुट आम्दानी | ० |
| अन्य आम्दानी | ३१,१३९ |
| बीमा दाबी | |
| **जम्मा आम्दानी** | **२,४८,९४६** |
| **खर्च** | |
| प्रशासनिक तथा साधारण खर्च | ६,६९२ |
| उत्पादन तथा बितरण खर्च | २७,६५७ |

| | |
|---|---|
| बित्तिय खर्च | १,५७,८३५ |
| ह्रास खर्च | ८१,१३४ |
| **जम्मा खर्च** | **२,७३,३१८** |
| **यस बर्षको नाफा/नोक्सान** | **(२४,३७३)** |
| आयकर व्यवस्था | ० |
| **खुद नाफा/नोक्सान** | **(२४,३७३)** |

**नगद प्रवाह विवरण (श्रावण १,२०७३ देखि आषाढ ३१, २०७४)**

| **बिवरण** | **आ.ब. २०७३/०७४ (रु. हजारमा)** |
|---|---|
| **खुद नगद प्रवाह सञ्चालन गतिविधिबाट** | |
| चालु वर्षको खुद नाफा /नोक्सान | (२४,३७३) |
| **समायोजन** | |
| ह्रासकट्टी | ८१,१३४ |
| अघिल्लो बर्षको समायोजन | ० |
| तिर्नुपर्ने रकम अपलेखन | (३१,१३८) |
| सम्पति अपलेखन | ० |
| बित्तिय खर्च | १,५७,८३५ |
| सम्पत्ति बिक्री गर्दाको नाफा (नोक्सान) | |
| **कार्यशिल पुंजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **१,८३,४५९** |
| चालू सम्पतिमा भएको कमी/(वृद्धि) | (३३,७०२) |
| चालू दायित्वमा भएको वृद्धि/(कमी) | १७,५०३ |
| **सञ्चालन गतिविधिबाट कूल नगद प्रवाह** | **१,६७,२६१** |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| सम्पत्ति खरिद, प्लाण्ट मेशिनरी | (६३२ |
| शेयर लगानी | ० |
| सम्पत्ति बिक्री, प्लाण्ट मेशिनरी | ० |
| **लगानी गतिविधिको नगद प्रवाह** | **(६३२)** |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर पूँजीमा बृद्धि(कमी) | ० |
| ऋणमा बृद्धि(कमी) | (८,८५५) |
| बित्तिय खर्च | (१,५७,२२०) |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | **(१,६६,०७६)** |
| **नगदमा भएको कुल परिवर्तन** | **५५३** |
| गत वर्षको बैंक तथा नगद अवस्था | ५१ |
| **चालु वर्षको बैंक तथा नगद अवस्था** | **६०४** |

**ख) संचालन अवधि तीन वर्ष ब्यतित भइसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष ब्यतित भइनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान बासलात सहितको सक्षिप्त विवरण**

**बासलात**

| **बिवरण** | **बास्तविक (रु. हजारमा)** | | |
|---|---|---|---|
| | **आ.ब. २०७१/०७२** | **आ.ब. २०७२/०७३** | **आ.ब. २०७३/०७४** |
| **पूंजी तथा दायित्व** | | | |
| **शेयरहोल्डरहरुको कोष** | | | |
| शेयर पुंजी | ६,००,००० | ६,००,००० | ६,००,००० |
| जगेडा कोष र संचित नाफा/नोक्सान | (१,७२,३१०) | (२,२४,११२) | (२,४८,५३४) |
| **कूल पुंजी** | **४,२७,६९०** | **३,७५,८८८** | **३,५१,४६६** |
| **दिर्घकालिन कर्जा** | | | |

| | | | |
|---|---|---|---|
| आबधिक कर्जा | १५,५३,८०१ | १५,४८,६८४ | १५,३९,८२८ |
| **कुल कर्जा** | **१५,५३,८०१** | **१५,४८,६८४** | **१५,३९,८२८** |
| **जम्मा पूंजी तथा दायित्व** | **१९,८१,४९१** | **१९,२४,५७२** | **१८,९१,२९४** |
| **सम्पति** | | | |
| **दिर्घकालिन सम्पति** | | | |
| **स्थिर सम्पति** | | | |
| जम्मा स्थिर सम्पति | २४,६१,८५८ | २४,२६,६८८ | २४,२७,३२० |
| न्युन संचित ह्रास | १,६४,८४१ | २,३१,१०० | ३,१२,२३५ |
| **खुद स्थिर सम्पति** | **२२,९७,०१७** | **२१,९५,५८८** | **२१,१५,०८५** |
| **लगानी** | **६,६००** | **६,६००** | **६,६००** |
| **चालु सम्पति** | | | |
| नगद तथा बैंक मौज्दात | ५७ | ५१ | ६०४ |
| अग्रिम भूक्तानी पेश्कि तथा धरौटी | १०,४१० | ९,३५९ | ७,११४ |
| नेपाल विद्यूत प्राधिकरणबाट पाउनुपर्ने | ७९,८९० | १,०१,७५१ | १,३६,४५४ |
| **जम्मा चालू सम्पति** | **९०,३५७** | **१,११,१६१** | **१,४४,१७२** |
| **न्युनः चालू दायित्व तथा ब्यवस्था** | | | |
| अधिबिकर्ष कर्जा | २५,६७९ | २७,००० | २७,००० |
| आसामीहरु तथा ब्यबसायिक दायित्व | २,६८,७८२ | २,२८,४३३ | २,३१,७४६ |
| अन्य दायित्व | १,१८,०२२ | १,३३,३४४ | १,१५,८१८ |
| **जम्मा चालू दायित्व** | ४,१२,४८३ | ३,८८,७७७ | ३,७४,५६४ |
| **खूद चालु सम्पत्ति** | **(३,२२,१२६)** | **(२,७७,६१६)** | **(२,३०,३९१)** |
| **जम्मा सम्पति** | **१९,८१,४९१** | **१९,२४,५७२** | **१८,९१,२९४** |

## नाफा नोक्सान हिसाब

| **बिवरण** | **बास्तविक (रु. हजारमा)** | | |
|---|---|---|---|
| | **आ.ब. २०७१/०७२** | **आ.ब. २०७२/०७३** | **आ.ब. २०७३/०७४** |
| **आम्दानीः** | | | |
| विद्यूत बिक्रि आम्दानी | २,२३,००७ | २,०५,११७ | २,१७,८०७ |
| व्याज तथा छुट आम्दानी | २४ | ७ | ० |
| अन्य आम्दानी | ० | ५९,९४८ | ३१,१३९ |
| बीमा दाबी | १३५ | ६,४८१ | ० |
| **जम्मा आम्दानी** | **२,२३,१६६** | **२,७१,५५३** | **२,४८,९४६** |
| **खर्च** | | | |
| प्रशासनिक तथा साधारण खर्च | ७,१०५ | ९,९०७ | ६,६९२ |
| उत्पादन तथा बितरण खर्च | २९,८९० | २४,११२ | २७,६५७ |
| बित्तिय खर्च | १८२,७३३ | १६५,२९२ | १,५७,८३५ |
| ह्रास खर्च | ७९,६८९ | ७८,१०६ | ८१,१३४ |
| स्थिर सम्पति बिक्री गर्दा नोक्सान | ४७० | ० | ० |
| **जम्मा खर्च** | **२,९९,८८७** | **२,७७,४१७** | **२,७३,३१८** |
| **यस बर्षको नाफा/नोक्सान** | **(७६,७२१)** | **(५,८६५)** | **(२४,३७३)** |
| आयकर ब्यवस्था | ० | ० | ० |
| **खुद नाफा/नोक्सान** | **(७६,७२१)** | **(५,८६५)** | **(२४,३७३)** |
| अघिल्लो वर्ष सम्मको संचित नाफा/नोक्सान | (९५,५८९) | (२,१८,२४७) | (२,२४,१६२) |
| **सचिंत नाफा/नोक्सान** | **(१,७२,३१०)** | **(२,२४,११२)** | **(२,४८,५३५)** |
| **बाँडफाँट** | **आ.ब. २०७१/०७२** | **आ.ब. २०७२/०७३** | **आ.ब. २०७३/०७४** |
| **समायोजन** | | | |

| | | | |
|---|---|---|---|
| प्रस्तावित लाभांस | ० | ० | ० |
| वोनस शेयर | ० | ० | ० |
| **सचिंत नाफा/नोक्सान वासलातमा सारेको** | (१,७२,३१०) | (२,२४,११२) | (२,४८,५३५) |

ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्विकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :

**२०७५ आषाढ मसान्तको अपिरिष्कृत वासलात**

| बिवरण | आ.ब. २०७४/०७५ (रु. हजारमा) |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| **शेयरहोल्डरहरुको कोष** | |
| शेयर पुंजी | ६,००,००० |
| जगेडा कोष र संचित नाफा/नोक्सान | (२,३३,११०) |
| **कूल पुंजी** | **३,६६,८९०** |
| **दिर्घकालिन कर्जा** | |
| आबधिक कर्जा | १५,३२,३०५ |
| **कुल कर्जा** | **१५,३२,३०५** |
| **जम्मा पूंजी तथा दायित्व** | **१८,९९,१९६** |
| **सम्पति** | |
| **दिर्घकालिन सम्पति** | |
| स्थिर सम्पति | |
| जम्मा स्थिर सम्पति | २४,२७,३२० |
| न्युन संचित ह्रास | ३,९३,६२८ |
| **खुद स्थिर सम्पति** | **२०,३३,६९२** |
| **लगानी** | **६,६००** |
| **चालु सम्पति** | |
| नगद तथा बैंक मौज्दात | ७४ |
| अग्रिम भूक्तानी पेश्कि तथा धरौटी | ६,४०३ |
| नेपाल विद्यूत प्राधिकरणबाट पाउनुपर्ने | १,६१,५१४ |
| **जम्मा चालू सम्पति** | **१,६७,९९१** |
| **न्युनः चालू दायित्व तथा ब्यवस्था** | |
| अधिबिकर्ष कर्जा | २७,००० |
| आसामीहरु तथा ब्यबसायिक दायित्व | २,७९,१३२ |
| अन्य दायित्व | २,९५५ |
| **जम्मा चालू दायित्व** | **३,०९,०८७** |
| **खूद चालु सम्पत्ति** | (१,४१,०९६) |
| **जम्मा सम्पति** | **१८,९९,१९६** |

**अपरिष्कृत नाफा नोक्सान हिसाब (श्रावण १,२०७४ देखि आषाढ ३२, २०७५)**

| बिवरण | आ.ब. २०७४/०७५ (रु. हजारमा) |
|---|---|
| **आम्दानीः** | |
| विद्यूत बिक्रि आम्दानी | २,०५,७८१ |
| व्याज तथा छुट आम्दानी | १२ |
| अन्य आम्दानी | ८२,६१४ |
| बीमा दाबी | ० |
| **जम्मा आम्दानी** | **२,८८,४०८** |
| **खर्च** | |

| | |
|---|---|
| प्रशासनिक तथा साधारण खर्च | ७,६७६ |
| उत्पादन तथा बितरण खर्च | ३१,७२४ |
| बित्तिय खर्च | १,५१,८८१ |
| ह्रास खर्च | ८१,३९३ |
| **जम्मा खर्च** | **२,७२,६७४** |
| **यस बर्षको नाफा/नोक्सान** | **१५,७३३** |
| आयकर व्यवस्था | ० |
| कर्मचारी बोनस | (३०८) |
| **खुद नाफा/नोक्सान** | **१५,४२५** |

**अपरिष्कृत नगद प्रवाह विवरण (श्रावण १,२०७४ देखि आषाड ३२, २०७५)**

| **बिवरण** | **आ.ब. २०७४/०७५ (रु. हजारमा)** |
|---|---|
| **खुद नगद प्रवाह सञ्चालन गतिविधिबाट** | |
| चालु वर्षको खुद नाफा /नोक्सान | (१५,४२५) |
| **समायोजन** | |
| ह्रासकट्टी | ८१,३९३ |
| अघिल्लो बर्षको समायोजन | ० |
| तिर्नुपर्ने रकम अपलेखन | ० |
| सम्पति अपलेखन | ० |
| बित्तिय खर्च | १,५१,८८१ |
| सम्पत्ति बिक्री गर्दाको नाफा (नोक्सान) | ० |
| **कार्यशिल पुंजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **२,४८,६९९** |
| चालू सम्पतिमा भएको कमी/(वृद्धि) | (२४,३४९) |
| चालू दायित्वमा भएको वृद्धि/(कमी) | (६५,४७६) |
| **सञ्चालन गतिविधिबाट कूल नगद प्रवाह** | **१,५८,८७४** |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| सम्पत्ति खरिद, प्लाण्ट मेशिनरी | ० |
| शेयर लगानी | ० |
| सम्पत्ति बिक्री, प्लाण्ट मेशिनरी | ० |
| **लगानी गतिविधिको नगद प्रवाह** | |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | |
| शेयर पूँजीमा बृद्धि(कमी) | ० |
| ऋणमा बृद्धि(कमी) | (७,५२३) |
| बित्तिय खर्च | (१,५१,८८१) |
| **वित्तिय गतिविधिको नगद प्रवाह** | **(१,५९,४०४)** |
| **नगदमा भएको कुल परिवर्तन** | **(५२९)** |
| गत वर्षको बैंक तथा नगद अवस्था | ६०४ |
| **चालु वर्षको बैंक तथा नगद अवस्था** | **७५** |

(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण : सो नभएको ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा : सो नभएको ।

(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने : सो नभएको ।

(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए

(अ) सम्पत्तिको विवरण,

(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य,

(ई) पूनर्मूल्यांकनको औचित्य,

विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु,

**बासलात**

| बिवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ |
| **पूंजी तथा दायित्व** | | | |
| **शेयरहोल्डरहरुको कोष** | | | |
| शेयर पुंजी | ८,००,००० | ८,००,००० | ८,००,००० |
| जगेडा कोष र संचित नाफा/नोक्सान | (१,६६,३५८) | (१,१२,६९४) | (७९,०८८) |
| **कूल पुंजी** | **६,३३,६४२** | **६,८७,३०६** | **७,२०,९१२** |
| **दिर्घकालिन कर्जा** | | | |
| आबधिक कर्जा | १२,४१,२५७ | १२,००,९८८ | ११,७७,४९३ |
| **कुल कर्जा** | **१२,४१,२५७** | **१२,००,९८८** | **११,७७,४९३** |
| **जम्मा पूंजी तथा दायित्व** | **१८,७४,९००** | **१८,८८,२९४** | **१८,९८,४०४** |
| **सम्पति** | | | |
| **दिर्घकालिन सम्पति** | | | |
| **स्थिर सम्पति** | | | |
| जम्मा स्थिर सम्पति | २४,२७,३२० | २४,२७,३२० | २४,२७,३२० |
| न्युन संचित ह्रास | ४,७४,७२१ | ५,५५,५८९ | ६,३६,२८८ |
| **खुद स्थिर सम्पति** | **१९,५२,५९९** | **१८,७१,७३१** | **१७,९१,०३२** |
| **लगानी** | **६,६००** | **६,६००** | **६,६००** |
| **चालु सम्पति** | | | |
| नगद तथा बैंक मौज्दात | ८,२१९ | ३५,१९५ | ३२,६५१ |
| अग्रिम भूक्तानी पेश्कि तथा धरौटी | ५,७६३ | ५,१८६ | ४,६६८ |
| नेपाल विद्यूत प्राधिकरणबाट पाउनुपर्ने | ७५,००६ | १,०८,४९८ | १,३९,२०६ |
| **जम्मा चालू सम्पति** | **८८,९८८** | **१,४८,८७९** | **१,७६,५२५** |
| **न्युनः चालू दायित्व तथा ब्यवस्था** | | | |
| अधिबिकर्ष कर्जा | १६,०६४ | २४,५२८ | १३,१४० |
| आसामीहरु तथा ब्यबसायिक दायित्व | १,५४,०२७ | १,११,३२५ | ५९,५०९ |
| अन्य दायित्व | ३,१९६ | ३,०६४ | ३,१०३ |
| **जम्मा चालू दायित्व** | **१,७३,२८७** | **१,३८,९१६** | **७५,७५३** |
| **खूद चालु सम्पत्ति** | **(८४,२९९)** | **९,९६३** | **१,००,७७२** |
| **जम्मा सम्पति** | **१८,७४,९००** | **१८,८८,२९४** | **१८,९८,४०५** |

**नाफा नोक्सान हिसाब**

| बिवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब.२०७७/०७८ |
| **आम्दानीः** | | | |
| विद्यूत बिक्रि आम्दानी | २,७६,७६८ | २,९५,३२६ | २,७०,७८१ |
| व्याज तथा छुट आम्दानी | १ | १६४ | ७०४ |
| अन्य आम्दानी | ४६,२०० | | |
| **जम्मा आम्दानी** | **३,२२,९६९** | **२,९५,४९१** | **२,७१,४८५** |

| | | | |
|---|---|---|---|
| **खर्च** | | | |
| प्रशासनिक तथा साधारण खर्च | ८,५९३ | ७,९१८ | ८,०७८ |
| उत्पादन तथा बितरण खर्च | ३५,५१३ | ३२,७२२ | ३३,३८४ |
| बित्तिय खर्च | १,२९,६८३ | १,१९,२४६ | १,१५,०४६ |
| ह्रास खर्च | ८१,०९३ | ८०,८६८ | ८०,६९९ |
| **जम्मा खर्च** | **२,५४,८८२** | **२,४०,७५४** | **२,३७,२०८** |
| **यस बर्षको नाफा/नोक्सान** | **६८,०८७** | **५४,७३७** | **३४,२७८** |
| **कर्मचारी बोनस** | **(१,३३५)** | **(१,०७३)** | **(६७२)** |
| आयकर व्यवस्था | ० | ० | ० |
| **खुद नाफा/नोक्सान** | **६६,७५२** | **५३,६६४** | **३३,६०५** |
| अघिल्लो वर्ष सम्मको संचित नाफा/नोक्सान | (२,३३,१०९) | (१,६६,३५७) | (१,१२,६९३) |
| **सचिंत नाफा/नोक्सान** | **(१,६६,३५७)** | **(१,१२,६९३)** | **(७९,०८८)** |
| **बाँडफाँट** | | | |
| **समायोजन** | | | |
| प्रस्तावित लाभांस | ० | ० | ० |
| वोनस शेयर | ० | ० | ० |
| **सचिंत नाफा/नोक्सान वासलातमा सारेको** | **(१,६६,३५७)** | **(१,१२,६९३)** | **(७९,०८८)** |

**वित्तीय प्रक्षेपणका बृद्धिदर :**

| विवरण | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब.२०७७/०७८ |
|---|---|---|---|
| कुल आयमा औषत वृद्धिदर | ११.९८% | (८.५१)% | (८.१२)% |
| कुल खर्चमा औषत वृद्धिदर (ब्याज/ह्रास बाहेक) | ११.९४% | (७.८६)% | २.०२% |
| संचालन खच तथा कुल आम्दानी अनुपात | १३.६६% | १३.७५% | १५.२७% |
| खुद मुनाफामा औषत वृद्धिदर | ३३२.७५% | (१९.६१)% | (३७.३८)% |
| आयकर व्यवस्था (प्रतिशतमा) | ०.००% | ०.००% | ०.००% |
| प्रति शेयर आम्दानी (रु.) | ८.३४ | ६.७१ | ४.२० |
| अन्य संचालन खर्चका वृद्धिदर (व्याज/ह्रास) | (९.६४)% | (५.०६)% | (२.१८)% |
| Return on Equity | १०.५३% | ७.८१% | ४.६६% |
| Return on Assests | ०.००३३% | ०.००२६% | ०.००१७% |

**प्रक्षेपित वित्तिय विवरणहरुको गणनाको आधारहरु देहाय वमोजिम रहेको छ :-**

१) बिद्युत बिक्रीबाट प्राप्त आय गणना गर्दा विद्युत केन्द्रबाट विद्युत खरिद विक्री सम्झौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न शत प्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ। २) विद्युतको ब्यापारीक उत्पादन २०७० भाद्र ८ गते देखि भएको आधार लिइएको छ।

३) विद्युत विक्री दर आ.ब. २०७६/०७७ सम्म वार्षिक ३ % ले वृद्धि हुने र आ.व. २०७७/०७८ देखी पुरानै दर कायम हुनेछ।

४) कर्मचारी वोनस कर अधिको नाफाको २% ले व्यवस्था गरीएको छ।

५) रोयल्टी खर्च बाहेक अन्य संचालन खर्च वार्षिक २% ले बृद्धि गरिएको छ।

६) बोनस, अपलेखन खर्च तथा रोयल्टी बाहेक कार्यालय संचालन खर्च वार्षिक २%ले बृद्धि गरिएको छ

७) कर्मचारीको तलब खर्च हरेक दुइ वर्षमा ५% ले बृद्धी गर्दै लगिने छ।

७) कम्पनीले आगामी ५ वर्ष सम्मको लागि थप कर्जा नलिने योजना रहेको छ।

८) अपलेखन गर्न बाँकी पूर्व संचालन खर्चहरुः- नरहेको ।

९) आयकरको दर आ.व २०७९/०८० सालसम्म शत प्रतिशत कर छुट, २०८०/०८१ देखी २०८४/०८५ सालसम्म ५०% कर छुट र २०८४/०८५ देखि १७% का दरले कर लाग्ने व्यवस्था रहेको छ ।

**३.९.२ वित्तीय अनुपात सम्बन्धी विवरणः**

क) संचालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ ।

| **विवरण** | **वास्तविक** | | | **अपरिष्कृत** | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | **२०७१/०७२** | **२०७२/०७३** | **२०७३/०७४** | **२०७४/०७५** | **२०७५/०७६** | **२०७६/०७७** | **२०७७/०७८** |
| प्रति शेयर आम्दानी | (१२.७९) | (०.९८) | (४.०६) | २.५७ | ८.३४ | ६.७१ | ४.२० |
| प्रति शेयर नेटवर्थ (रु.) | ७१.२८ | ६२.६५ | ५८.५८ | ६१.१५ | ७९.२१ | ८५.९१ | ९०.११ |

**ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः**

| **विवरण** | **वास्तविक** | | | **अपरिष्कृत** | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | **२०७१/०७२** | **२०७२/०७३** | **२०७३/०७४** | **२०७४/०७५** | **२०७५/०७६** | **२०७६/०७७** | **२०७७/०७८** |
| साधारण पुँजी | ६,००,००० | ६,००,००० | ६,००,००० | ६,००,००० | ८,००,००० | ८,००,००० | ८,००,००० |
| संचित नाफा नोक्सान | (१,७२,३१०) | (२,२४,११२) | (२,४८,५३५) | (२,३३,११०) | (१,६६,३५८ | (१,१२,६९४) | (७९,०८८) |
| **न्युनः** | | | | | | | |
| **खुद सम्पति(नेटवर्थ)**(हजारमा) | **४,२७,६९०** | **३,७५,८८८** | **३,५१,४६५** | **३,६६,८९०** | **६,३३,६४२** | **६,८७,३०६** | **७,२०,९१२** |
| शेयर संख्या (हजारमा) | ६,००० | ६,००० | ६,००० | ६,००० | ८,००० | ८,००० | ८,००० |
| **प्रति शेयर नेटवर्थ (रु.)** | **७१.२८** | **६२.६५** | **५८.५८** | **६१.१५** | **७९.२१** | **८५.९१** | **९०.११** |
| **नेटवर्थमा औषत प्रतिफल** | **(१७.९४%)** | **(१.५६%)** | **(६.९३%)** | **४.२०%** | **१०.५३%** | **७.८१%** | **४.६६%** |

निष्कासन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :०.०० %

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्कासक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि आर डी एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री राजन दाहालले प्रमाणित गर्नु भएको छ ।

**३.१० धितोपत्र निष्कासन सम्वन्धि बिवरणः**

**३.१०.१ धितोपत्र जारी गर्नुको उद्देश्यः**

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा भएको ब्यवस्था अनुसार सर्वसाधारणहरुको लागि रु.२०,००,००,०००/- रकम बरावर प्रति शेयर अंकित मूल्य रु. १००/- को २०,००,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याइएको छ । यसमध्ये आयोजना प्रभावित (उद्योग प्रभावित) क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुसार ८,००,००० कित्ता शेयर छुट्याई निष्कासन तथा बिक्री गरी स्थानिय बासिन्दालाई लगानीको अवसर दिने तथा १२,००,००० कित्ता शेयर सर्वसाधारणलाई विक्री गर्ने एवं कम्पनीले आँखुखोला १ जलविद्युत आयोजना निर्माण गर्ने क्रममा लिएको सहवित्तियकरण कर्जा आंशिक रुपमा भुक्तानी गर्नु यस निष्कासनको मुख्य उद्देश्य हो ।

३.१०.२ धितोपत्र निष्कासनबाट प्राप्त पूँजीको उपयोग :

(क) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण :आयोजना प्रभावित क्षेत्रका जनता र सर्वसाधारणमा धितोपत्र निष्कासन गरी प्राप्त हुने पूँजीबाट कम्पनीले बैंकको कर्जा आंशिक भुक्तानी गर्नेछ ।

**हाल कम्पनीको बैंक कर्जा निम्न वमोजिम रहेको छ।** **रकम रु. हजारमा**

| क्र.स | बैक तथा वित्तिय संस्थाको नाम | कर्जाको प्रकृती | सुरु कर्जा रकम | भुक्तानी गरेको कर्जा रकम | वाँकी कर्जा रकम |
|---|---|---|---|---|---|
| १ | प्राइम कमर्सियल बैंक लि. | अधिविकर्ष | २७,००० | | २७,००० |
| २ | प्राइम कमर्सियल बैंक लि. | आवधिक कर्जा | ५,९२,९६४ | ९,८३५ | ५,८३,१२९ |
| ३ | कुमारी बैंक लि.(काष्ठमण्डप) | आवधिक कर्जा | ९०,००० | १,४९३ | ८८,५०७ |
| ४ | मछापुच्छ्रे बैंक लि. | आवधिक कर्जा | ४,१६,२३० | ६,९०५ | ४,०९,३२५ |
| ५ | सनराइज बैंक लि. | आवधिक कर्जा | १,२४,९२० | १,८०३ | १,२३,११७ |
| ६ | प्रभु बैंक लि. | आवधिक कर्जा | १,६२,५७१ | २,३४४ | १,६०,२२७ |
| ७ | राष्ट्रिय वाणिज्य बैंक लि. | आवधिक कर्जा | १,६८,००० | | १,६८,००० |
| | **जम्मा** | | **१५,८१,६८५** | **४९,३८०** | **१५,५९,३०५** |

कर्जाको भुक्तानी सहवित्तियकरण कर्जामा सहभागी बैंकहरुको निर्णय अनुसार गरीनेछ ।

(ख) **शेयर निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा शेयर निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :-** जलविद्युत कम्पनीहरुले शेयर निष्कासन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भइरहेको छ । कथंकदाचित निष्कासन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बांकी शेयर सर्वसाधारणहरुको लागि निष्कासन गरिने शेयरमा थप गरी निष्काशन गरिनेछ । सर्वसाधारणलाई थप गरी शेयर निष्काशन गर्दा समेत पुर्ण रुपमा विक्री नभएमा वाँकी शेयर प्रत्याभुतीकर्ताले खरिद गर्ने गरी सम्झौता गरीएको छ ।

(ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने** :- यस कम्पनीबाट प्रवद्धित आँखुखोला -१ जलविद्युत आयोजना निर्माण सम्पन्न भई विद्युत उत्पादन गरी रहेको छ । आयोजनाको कुल लागत २४२.७३ करोड रहेको छ ।

(घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने** :- आयोजना निर्माण सम्पन्न भई मिति २०७० साल भाद्र ८ गतेवाट व्यवसायिक उत्पादन सुरु भई सकेको छ ।

(ङ) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मुल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससंग सम्झौता भएको भए सो को मूख्य मूख्य बूंदाहरु** :- आयोजनाले खरिद गरेको उपकरणको मुल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम निम्न प्रकार रहेको छ।

| क्र.स | उपकरणको विवरण | सप्लायर्सको नाम | मुल्य रु. हजारमा |
|---|---|---|---|
| १. | टर्बाइन | Hunan Allonward Hydro-Generating Equipment , चीन | २,५५,१३७ |
| २. | पेनस्टक पाइप (supply, Installation erection of Gate Etc) Hydro Mechanical | माछापुच्छ्रे मेशिनरी एण्ड मेटल वर्कस | २,६८,९९२ |
| ३. | जेनेरेटर | Supernova Engineers Ltd | २,१२८ |

(च) **कुनै पार्टीसंग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :-** सम्झौता नगरिएको ।

(छ) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृती, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**-कम्पनीबाट निर्माण सम्पन्न भई संचालनमा रहेको जलविद्युत आयोजनाको क्षमता ८.४ मे.वा. रहेको छ आयोजनावाट उत्पादित वार्षिक ४६ गिगावाट विद्यूत शक्ति नेपाल प्राधिकरणको केन्दीय प्रसारण लाइनमा समावेश गरीएको छ ।

(ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :-** आयोजनाको संरचना रहेको क्षेत्र धादिङ्ग जिल्लाका गुम्दी, सल्यानकोट, त्रिपुरेश्वर र मार्पाक गा.वि.स. भइ वहने आँखु खोला नदीको पानी ।

(झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :-** आयोजनाको संरचना रहेको क्षेत्र धादिङ्ग जिल्लाका साविक गुम्दी, सल्यानकोट, त्रिपुरेश्वर र मार्पाक गा.वि.स. भएर वहने आँखु खोला नदीको पानी ।

(ञ) **सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।**

| | | |
|---|---|---|
| अ) निष्कासन तथा विक्री प्रबन्धकलाई दिइने शुल्क | : | रु.१,००,०००।- |
| आ) ट्रष्टि (डिबेन्चर निष्कासनको हकमा) | : | निष्कासन गरिने डिबेन्चर नभई साधारण शेयर भएकोले ट्रष्टि राख्नु नपर्ने । |
| इ) प्रत्याभुतिकर्ता शुल्क | : | निष्काशन गरीने कुल रकमको ०.७५ प्रतिशत । |
| ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क | : | ड्यू डेलिजेन्स तयार गरे बापत शुल्क :-नभएको |
| उ) लेखापरीक्षकको शुल्क | : | अनुमानित आर्थिक विवरण प्रमाणित गरे बापत शुल्क रु.२०,०००/–(मु.अ.क.वाहेक) |
| ऊ) दरखास्त तथा रकम संकलन गरेवापत तिर्नु पर्ने सेवा शुल्क | : | स्थानियबासीकालागि शेयर निष्काशनका हकमा संकलन केन्द्रलाई आवेदन फारम सहित संकलित रकममा ०.१ (सुन्य दशमलब एक प्रतिशत) सेवा शुल्क , बाँडफाँटमा नपरेको शेयर वापतको रकम आवेदकहरुलाई फिर्ता भुक्तानी दिंदा फिर्ता भुक्तान भएको रकममा ०.०५ प्रतिशत (शुन्य दशमलब शुन्य पाँच प्रतिशत) सेवा शुल्क र बाँडफाँटमा परेको शेयरहरु सम्वन्धीत शेयरधनीहरुको हितग्राही खातामा जम्मा गर्दा प्रशोधन शुल्क प्रति शेयरधनी रु.२/-सेवा शुल्कको रुपमा तिर्नु पर्नेछ । |

**३.१०.३ सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्वन्धी बिवरण :** सो नभएको ।

**३.१०.४ प्रिमियममा धितोपत्र जारी गर्नु पर्ने भएमा (कारण र औचित्य):**
नभएको ।

**३.१०.५ धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :**
यस विवरणपत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा वढी संख्यामा शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँट सम्वन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्वन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

कम्पनीले स्थानिय बासिन्दाहरुलाई खरीद गर्न आह्वान गरेको ८,००,००० कित्ता साधारण शेयर बिक्री भई बाँकी रहेमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम उक्त बाँकी रहेको शेयर सर्वसाधारणहरुलाई निष्काशन गरीने शेयर कित्तामा थप गरि निष्काशन गरिनेछ । सर्वसाधारणलाई थप गरी निष्काशन गर्दा समेत विक्री हुन नसकेमा वाँकी सम्पुर्ण

शेयर प्रत्याभुतीकर्ताले खरिद गर्ने गरी सम्झौता गरीएको छ । यस विवरण पत्र मार्फत सर्वसाधारणलाई निष्काशन गर्न लागीएको १२,००,००० कित्ता साधारण शेयरमा स्थानियवासीलाई जारी गरीने शेयर बाँकी रहेमा सो कित्ता समेत थप गरी कायम हुन आउने कित्तावाट यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडका कर्मचारीहरुका लागि २ प्रतिशत र सामुहिक लगानी कोषहरुका लागि ५ प्रतिशत शेयर बाँडफाँट गरी बाँकी शेयर सर्वसाधारणहरुलाई निष्काशन तथा बाँडफाँट गरीनेछ ।

**ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

ASBA अनिवार्य भएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४ अनुरुप ASBA सदस्य बैंक तथा वित्तिय संस्थावाट आवेदन दिने आवेदकहरुको सम्वन्धीत बैंक तथा वित्तिय संस्थाले नै बाँडफाँटमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन वमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरी दिनेछ ।

तर स्थानियवासीको हकमा शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँट गरी पुर्ण वा आंशिकरुपमा शेयर बिक्री वन्द भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र ( Allotment Advice) र रकम फिर्ता भुक्तानी दिइने छ ।

**ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :**

धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

उपरोक्त व्यवस्था आस्वा सदस्य वैक तथा वित्तिय संस्थावाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

**घ) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

निष्काशन गरीने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन निर्देशिका तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधी भित्र हितग्राही (डिम्याट) खातामा जम्मा गरीने छ ।

**ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :**

हाल सम्म सुचिकरण भई नसकेको ।

**च) धितोपत्र सूचिकरण भै नसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** :

निष्काशन गरीने साधारण शेयरको बाँडफाँट पश्चात धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधी भित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरीने धितोपत्र सुचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाईने छ ।

### ३.१०.६ प्रत्याभूती सम्बन्धी विवरणः

क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

विवरण-पत्रद्वारा निष्कासन तथा बिक्री गरिने साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि सुरक्षित गरी जारी गरिएको र उक्त शेयर बिक्री नभएमा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयरमा थप गरी बिक्री गर्नुपर्ने र सो गर्दा समेत शेयर बिक्री नभएमा का.जि. का.म.पा. वडा नं.३२ स्थित मर्चेन्ट वैकरको रुपमा दर्ता भएको श्री **प्रभु क्यापिटल लिमिटेड** वाट २०,००,००० थान वरावरको रु २०,००,००,०००।- को शेयर प्रत्याभुती गरीएको छ ।

ख) **धितोपत्र प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु** :

१. कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको रु.१०० अंकित दरको रु.२०,००,००,०००।- रकम वरावरको २०,००,००० कित्ता साधारण शेयर मध्ये स्थानियबासीको लागी निष्काशन

हुने रु.१०० अंकित दरका ८,००,००० कित्ता शेयरको हुने रु ८,००,००,०००।- (आठ करोड) तथा सर्वसाधारणका लागी निष्काशन हुने १२,००,००,०००।- (बाह्र करोड) रकम वरावरको प्रत्याभुतिकर्ताले प्रत्याभुति गर्न मंन्जुर गर्दछ । साथै स्थानियवासीको लागी निष्काशन गरीएको निष्काशन समय अवधी भित्र बिक्री नभएमा सो विक्री नभए वरावरको शेयर सर्वसाधारणको लागी जारी गरीने शेयर कित्ता १२,००,००० कित्तामा थप गरी निष्काशन गरीनेछ । तथा शेयर प्रत्याभुती पनि सोही वमोजिम हुनेछ ।

२. प्रत्याभुती गरीएको शेयर पुर्ण वा आंशिक रुपमा बिक्री नभएमा कम्पनीले शेयर वापतको रकम माग गरेको वखत प्रत्याभुतीकर्ताले रकम भुक्तानी गरी खरिद गरी लिनेछ । साथै कम्पनीले समेत शेयर वापतको रकम प्राप्त गरे पश्चात उक्त शेयरको स्वामित्व यथासिघ्र प्रत्याभुतिकर्ता लाई हस्तान्तरण गर्नुपर्नेछ ।

३. कम्पनीको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पुर्ण शेयरका लागी आवेदन प्राप्त भएमा प्रत्याभुतिकर्ताको दायित्व स्वतः पुरा हुनेछ ।

४. प्रत्याभुती गरेको शेयर ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछी सर्वसाधारण शेयरधनी सरह प्रत्याभुतीकर्तालाई समेत शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ ।

५. प्रत्याभुती सम्झौताको समयावधी सम्झौता भएको मितिले १ वर्ष सम्म वा सर्वसाधारणलाई जारी गरी बाँडफाँड नभए सम्म हुनेछ । कथंकदाचित उक्त अवधि भित्र शेयर निष्काशनको कार्य गर्न नसकिएमा सम्वन्धीत पक्षहरुको सहकार्यमा नयाँ सम्झौता हुनेछ ।

### ३.१०.७ आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु

**क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तत गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदी सम्वन्धी विवरण :-**

यस विवरणपत्र अनुसार निष्कासन गरिएका शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

**ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाँउ, भुक्तानी गर्ने तरीका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथी लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्वन्धी विवरण :**

- कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ ।
- कम्पनीको रजिष्टर्ड कार्यालय, वागमती अञ्चल, काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १ नक्साल, काठमाण्डौ ।
- शेयर निष्कासन तथा बिक्री प्रवन्धक –सिभिल क्यापिटल मार्केट लिमिटेड, सुनधारा, काठमाण्डौ ।
- शेयर खरीदको लागि दरखास्त दिंदा स्थानिय वासिन्दाले कम्तिमा ५० कित्ता र बढीमा ४,००० कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछन । त्यस्तै सर्वसाधारणहरुले दरखास्त दिँदा कम्तिमा ५० कित्ता र बढीमा ६,००० कित्ता का लागी निवेदन दिन सक्नेछन । ५० कित्ता भन्दा बढि शेयरका लागि दरखास्त दिंदा १० अंकले भाग जाने संख्यामा दरखास्त दिनु पर्नेछ ।

**ग) आवेदन दिंदा पालना गर्नु पर्ने शर्त बन्देजहरु :**

**<u>१ स्थानिय वासिन्दाको लागीः-</u>**

आयोजना प्रभावित धादिङ्ग जिल्लाका बासिन्दाहरुले यस विवरण-पत्र अनुसार जारी गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

क) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचिएको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका वासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ ।

ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्ने छ ।

ग) आवेदन दिंदा दरखास्त आवेदन फारममा आवेदन कर्ताको हितग्राही खाता (Demat Account) नम्वर उल्लेख गर्न सक्नेछ ।

घ) शेयर खरिदका लागी दरखास्त दिंदा दरखास्त वालाले बैंक तथा वित्तिय संस्थामा रहेको आफ्नो खाता नम्वर, बैंक तथा वित्तिय संस्थाको नाम र ठेगाना स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । नावालकको हकमा दरखास्त दिंदा समेत नावालककै नामको खाता रहेको बैंक तथा वित्तिय संस्थाको नाम ठेगाना र खाता नं. समेत अनिवार्यरुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ साथै आफ्नो खाता उल्लेख गर्दा Clearing House को सदस्य भएको बैक. तथा वित्तिय संस्थामा भएको खाता नं. उल्लेख गर्नु पर्नेछ ।

ङ) दरखास्तवालालाई रकम फिर्ता दिंदा मिले सम्म आवेदकले आवेदन फारममा उल्लेखित हितग्राही खातामा उल्लेख गरेको बैंक तथा वित्तिय संस्थाको खातामा सोझै जम्मा हुनेगरी वा आवेदन फारममा उल्लेख गरेको वैक खातामा जम्मा हुनेगरी एकाउण्ट पेइ चेक मार्फत मात्र रकम फिर्ता भुक्तानी दिइनेछ । तर्सथ बैक खाता अद्यावधीक नगर्नु भएका आवेदकहरुले आफुले हितग्राही खाता खोलेको सम्वन्धीत निक्षेप सदस्य मार्फत आफ्नो नाममा रहेको नेपाल Clearing House अर्न्तगत आइ.पि.एस.को सदस्य भएको बैक तथा वित्तीय संस्थाको खाता नं. अद्यावधीक गराउनु पर्नेछ ।

च) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको संरक्षकद्वारा प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न गरेको हुनुपर्ने छ ।

छ) विवाह भई आएका महिलाका हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्ने छ ।

ज) विवाह गरी धादिङ्ग जिल्ला छोडी अन्य जिल्ला गएका महिला हरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

झ) आमा बावु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

ञ) धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संलकन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनुपर्नेछ ।

ट) आवेदन फाराम बुझ्दा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।

ठ) रु १० लाख रकम सम्म आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा प्यान नं. दरखास्त फारममा उल्लेख गर्न सक्नेछन साथै रु १० लाख भन्दा बढी रकमको आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा प्यान नं. अनिबार्य रुपमा खुलाउनु पर्नेछ र जम्मा गरेको रकम सम्पती शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भन्ने उद्घोष गर्नु पर्नेछ ।

ड) बाँडफाँटवाट कायम शेयरधनीहरुलाई दरखास्त फारममा अपलब्ध गराएको नेपाल सि. डि. एस. एण्ड क्लियरिङ्ग लि. बाट मान्यता प्राप्त निक्षेप सदस्यको हितग्राही खातामा जम्मा हुने व्यवस्था गरिनेछ ।

ढ) रु.५०,०००।- (पचास हजार) भन्दा वढी लगानी गर्ने दरखास्त वालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउण्ट पेई चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

ण) आस्वा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्था मार्फत आवेदन फारम वुझाउन चाहने आवेदकहरुको हकमा सोही संस्थावाट उपलव्ध गराइने फारममा उल्लेखित सम्पुर्ण विवरणहरु स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्वन्धी अन्य प्रकृया तथा शुल्क सम्वन्धी व्यवस्था सम्वन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाले आफ्नो

कार्यालयको सुचना पाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरी तोके वमोजिम हुनेछ ।

त) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनलाई रद्द गरिनेछ ।

थ) उद्योग प्रभावित क्षेत्रका वासिन्दाबाट आवेदन माग गर्दा आयोजनाको वित्तिय व्यस्थापन भएको मिति २०६६ भाद्र २९ गते भन्दा अघि बसाई सराई गरी आएकाहरुले आवेदन गर्न पाउने छन भने सो मिति अगावै वसाई सरी अन्यत्र जानेहरुले आवेदन दिन पाउने छैनन् । बसाइ सराई गरी आएको हकमा मिति २०६६ भाद्र २९ गते भन्दा अगाबै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ ।

द) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

ध) उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुले शेयर खरिद गरेमा शेयर बाँडफाँट भएको मितिले ३ बर्ष सम्म बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन ।

## २ सर्वसाधारणको लागी

क) कुनै पनि नेपाली नागरीकले यस विवरण पत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन । संघ संस्था वा कम्पनी ले यस विवरण पत्र मार्फत निष्काशन गरीएको शेयरका लागी आवेदन दिन पाउने छैनन । निष्काशित सम्पुर्ण धितोपत्रकालागी सर्वसाधारण नेपाली नागरिकवाट आवेदन नआएको खण्डमा मात्र नेपाली संघ सस्था वा कम्पनीले आवेदन प्राप्त हुन नआएका शेयरका लागी आवेदन दिन सक्नेछन  र सो को जानकारी निष्काशन तथा विक्री प्रवन्धकले सार्वजनिक सुचना मार्फत जानकारी गराउनेछ ।

ख) दरखास्त दिँदा आस्वा (ASBA) सदस्य वैक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउनु पर्नेछ र सोही संस्थावाट उपलब्ध गराइने आवेदन फारममा उल्लेखित सम्पुर्ण विवरणहरु स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्वन्धी अन्य प्रक्रिया तथा शुल्क सम्वन्धी व्यवस्था सम्वन्धीत आस्वा सदस्य वैंक तथा वित्तिय संस्थाले आफ्नो कार्यालयको सुचना पार्टी, वेभसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरी तोकिए वमोजिम हुनेछ ।

ग) आवेदकहरुले आवेदन दिँदा आस्वा सदस्य वैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुदैन ।

घ) संयूक्तरुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले वढीमा २ जनाको नाममा दरखास्त दिन सक्ने छन । यसरी संयूक्तरुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नको लागी छुट्टै दरखास्त दिन पाइने छैन । संयूक्तरुपमा आवेदन दिने दरखास्त वालाहरु संग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिला नाम उल्लेख भएको व्यक्तिसंग गरीनेछ ।

ङ) एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयर को लागी एक भन्दा वढी दरखास्त दिन पाइने छैन यदी एक व्यक्तिको नाममा एक भन्दा वढी आवेदन प्राप्त हुन आएमा संम्पुर्ण दरखास्त लाई रद्द गरीने छ ।

च) रितपुर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर वाँडफाँट मा समावेश गरीने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

छ) शेयरको वाँडफाँट गरी सुचिकरण भएपश्चात वाँडफाँटमा परेका आवेदकहरुलाई वाँडफाँटमा परेको शेयर  निजहरुको हितग्रही खातामा जम्मा गर्ने व्यवस्था गरीने भएकाले संम्पुण आवेदकहरुले अनिवार्यरुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फारममा उल्लेख गर्नु पर्नेछ ।

ज) धितोपत्र खरिदको लागी दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछी खरिद गरेको धितो पत्र वापतको रकम भुक्तानी नहुँदा प्रचलित कानुन वमोजिम

अधिकार प्राप्त अधिकारी वा निकायवाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रवन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरीने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले वुझ्नु पर्नेछ ।

झ) स्थानियवासिन्दाका लागि शेयर आवेदन दिने आवेदकले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरीने शेयरमा पुन आवेदन दिन सक्ने छैनन ।

**३.११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्कासनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था संगको सम्बन्ध, कारोबारको प्रकृति र रकम सम्वन्धी विवरण :-**

क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोवार नभएको ।

ख) आधारभूत शेयरधनी : नभएको ।

ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य** :- कारोबार नभएको ।

घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : -नभएको ।

ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :-** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसंग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :-**

कम्पनीले व्यवसाय संचालनको लागी संचालकहरुवाट लिएको ऋण यस प्रकार छ :-

| **क्र.स.** | **संचालकको नाम थर** | **ऋण लिएको रकम रु.** | **ऋण लिएको मिति** | **भुक्तानी** | **बाँकी रकम रु.** |
|---|---|---|---|---|---|
| १. | राम श्रेष्ठ | ११,००,०००।- | २०७३.०१.२७ | ० | ११,००,०००।- |
| २. | राम प्रसाद सापकोटा | ६,००,०००।- | २०७३.०१.२७ | ० | ६,००,०००।- |

**३.१२ विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

क) **विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु** : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**३.१३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्कासन गर्ने भएमा सो को विवरण : नभएको ।**

**३.१४ पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण : नभएको ।**

**३.१५ परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

क) **लेखापरीक्षक, प्रमुख बैंक, निष्कासन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

१ आ.ब. २०७३/०७४ को लेखापरीक्षण चाटर्ड एकाउण्टेन्ट श्री राजन दाहालले गर्नु भएको छ । उक्त आ.ब.को वासलातको प्रमुख अंश विवरण-पत्रको दफा ३.९ मा उल्लेख गरिएको छ ।

२ प्राथमिक शेयर निष्कासन विवरण पत्र–सिभिल क्यापिटल मार्केट लिमिटेड, सुनधारा, काठमाण्डौले तयार गरेको हो । यस प्राथमिक शेयर निष्कासनका लागि निष्कासन तथा बिक्री प्रबन्धकमा सिभिल क्यापिटल मार्केट लिमिटेड, सुनधारा, काठमाण्डौ लाई नियुक्त गरिएको छ ।

३ **निष्कासन बैंक (Banker to the issue) निम्न बमोजिम तोकिएको छ ।**

यस विवरण पत्र मार्फत निष्काशित साधारण शेयरहरुका लागि निष्कासन बैंक (Banker to the issue) को रुपमा प्राइम कमर्शियल वैंक लि., कमलपोखरी, काठमाण्डौलाई तोकिएको छ साथै आवश्कता अनुसार निष्कासन बन्द भएको मितिले ३ दिन भित्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्कासनको लागि निष्कासन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

४ कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि आर डी एशोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री राजन दाहालले प्रमाणित गर्नु भएको छ ।

ख) माथी खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसंग भएको सहमतिका मूख्य मूख्य बूंदा तथा शर्तहरु : सो नभएको ।

**३.१६ परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

आयोजना सम्पन्न गर्न रु ६०,००,००,०००।-संस्थापक शेयरधनीहरुको स्वपूँजी, रु. १,५८,१६,८४,६३१/- सहवित्तियकरण अर्न्तगत बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त ऋण र वाँकी व्यत्तिगत ऋण तथा अन्य दायित्व प्रयोग गरी आयोजना सम्पन्न गरिएको छ ।

**रकम रु हजारमा**

| क्र.स | बैंक तथा वित्तिय संस्थाको नाम | कर्जाको प्रकृती | सुरु कर्जा रकम | भुक्तानी गरेको कर्जा रकम | वाँकी कर्जा रकम | अबधि | शुरुको ब्याजदर (%) | हालको ब्याजदर (%) | किस्ता रकम (बार्षिक) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राइम कमर्सियल बैंक लि. | अधिविकर्ष | २७,००० | | २७,००० | १ | १४.५ | ९ | |
| २ | प्राइम कमर्सियल बैंक लि. | आवधिक कर्जा | ५,९२,९६४ | ९,८३५ | ५,८३,१२९ | २० | १४.५ | ९ | |
| ३ | कुमारी बैंक लि.( काष्ठमण्डप) | आवधिक कर्जा | ९०,००० | १,४९३ | ८८,५०७ | २० | १४.५ | ९ | |
| ४ | मछापुच्छ्रे बैंक लि. | आवधिक कर्जा | ४,१६,२३० | ६,९०५ | ४,०९,३२५ | २० | १४.५ | ९ | १,२४,८२० |
| ५ | सनराइज बैंक लि. | आवधिक कर्जा | १,२४,९२० | १,८०३ | १,२३,११७ | २० | १४.५ | ९ | |
| ६ | प्रभु बैंक लि. | आवधिक कर्जा | १,६२,५७१ | २,३४४ | १,६०,२२७ | २० | १४.५ | ९ | |
| ७ | राष्ट्रिय वाणिज्य बैंक लि. | आवधिक कर्जा | १,६८,००० | | १,६८,००० | ७ | १० | १० | ४२,८०० |
| | **जम्मा** | | **१५,८१,६८५** | **४९,३८०** | **१५,५९,३०५** | | | | **१,६७,६२०** |

**३.१७ मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :

कम्पनीलाई तात्विक रुपमा असर पार्ने गरी हालसम्म कुनै प्रकारको विवाद, मुद्दा मामिला परेको छैन ।

ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : नभएको ।

ग) विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :

विगत पांच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :

सो नभएको ।

**३.१८ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्वन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानको लागी धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरीएको छ । लगानीकर्ताले देहाएको माध्यमवाट आफ्नो गुनासो तथा सुझावहरु श्री प्रविन सत्याल मार्फत प्रेषित गर्न सक्नेछन् ।

**फोन नं.०१-४२६२३०३, ०१-४२६१२५१ मोवाइल नं. ९८४३१०९८९१**

**इमेल :-*prabin.satyal@civilcapital.com.np***

**३.१९ नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** नभएको

**३.२० ऋणपत्र निष्कासन सम्बन्धी विवरण :**

क) कनै संगठित सस्थाले ऋण पत्र जारी गर्ने भएमा त्यस्तो ऋणपत्र निष्काशनको शर्त वन्देजहरु, ऋणपत्रको अवधी, निष्काशन गरीने ऋणपत्रको रकम, ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने व्याजदर, ऋणपत्र भुक्तानी जगेडा कोष सम्वन्धी व्यवस्था, ऋणपत्रवालाहरुको अधिकार,

ख) संगठित सस्थाको सम्पतीमा ऋणपत्र वालाको हक सम्वन्धी विवरण,

ग) ट्रष्टिको नाम, ठेगाना तथा ट्रष्टि र कम्पनी बीच भएको सम्झौता (Trust Deeds) को प्रमुख बुँदाहरु,

घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मुल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था उल्लेख गर्नुपर्ने,

ङ) ऋणपत्र जारी गर्नुको उदेश्य र सम्पन्न हुने कार्य योजना,

च) जारी पुँजी पुरा चुक्ता भए / नभएको ।

हालसम्म ऋणपत्र जारी गरी कर्जा लिएको छैन । आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिनेछ ।

**३.२१ अग्राधिकार शेयर निष्कासन सम्बन्धी ब्यवस्था :**

हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**३.२२ अन्य सामान्य जानकारी :**

क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण - प्रक्षेपित वित्तिय विवरण ठिक छ भनि आर.डि.एसोसिएट्सका चार्टड एकाउन्टेन्ट श्री राजन दाहालले प्रमाणित गर्नु भएको छ ।

ख) गत तिन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए सो को कारण:

गत तिन आर्थिक वर्षमा कम्पनीका संचालक, लेखापरिक्षक परिवर्तन भएको विवरण र कारण निम्नानुसार छ ।

| | | | | |
|---|---|---|---|---|
| १. | विश्वनाथ कडेल | संचालक | ७ बर्ष | स्वेच्छिक राजिनामा |
| २. | प्रमोद प्रसाद चौधरी | संचालक | ७ वर्ष | स्वेच्छिक राजिनामा |
| ३. | आशिष कुमार श्रेष्ठ | संचालक | ५ महिना | स्वेच्छिक राजिनामा |
| ४. | चुङ्वा शेर्पा | संचालक | ८ वर्ष | पदावधी समाप्त |
| ५. | केशव तुलाधर | संचालक | ३ वर्ष ८ महिना | पदावधी समाप्त |
| ६. | श्री राम श्रेष्ठ | अध्यक्ष | ८ वर्ष | मिति २०७५।२।१३ को वार्षिक साधारण सभावाट पुन नियूक्त |
| ७. | श्री राम प्रसाद सापकोटा | संचालक | २ वर्ष | मिति २०७५।२।१३ को वार्षिक साधारण सभावाट पुन नियूक्त |
| ८. | श्री नारायण प्रसाद अर्याल | संचालक | नव नियूक्त | मिति २०७५।२।१३ को वार्षिक साधारण सभावाट नियूक्त |

| | | | | |
|---|---|---|---|---|
| ९. | श्री दिनेश प्रसाद श्रेष्ठ | संचालक | नव नियूक्त | मिति २०७५।२।१३ को वार्षिक साधारण सभावाट नियूक्त |
| १०. | श्री नरहरि पुडासैनी | संचालक | नव नियूक्त | मिति २०७५।२।१३ को वार्षिक साधारण सभावाट नियूक्त |

साधारण सभाबाट नियुक्त भई कम्पनीको आ.व. २०७१/०७२ र २०७२/०७३ दुई वर्षको लेखापरीक्षण जि.एण्ड जि.एसोसिएट्सका एफ.सी.ए. श्री विजयराज घिमिरले गर्नु भएको छ भने आ.व. २०७३/०७४ को लेखापरीक्षण आर.डि.एसोसिएट्स का सी.ए. राजन दाहालले गर्नु भएको छ ।

**(ग)** कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :
**नामः** शम्भु तिमल्सिना
**ठेगाना** : धादिङ्ग जिल्ला नलाङ्ग गा.वि.स.वडा नं.६
**योग्यता** : वि.एल.
**अनुभव** : १६ बर्ष देखि कानूनी सेवा ।

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरण :**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलिमा भएको व्यवस्था बमोजिम सर्वसाधारणहरुलाई छुट्याईएको रु.१०० अंकित दरका २०,००,००० कित्ता शेयर मध्ये ८,००,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) धादिङ्ग जिल्लाका बासिन्दाहरुलाई निष्कासन गर्ने र १२,००,००० कित्ता शेयर सर्वसाधारणलाई विक्री गर्ने निर्णय गरीएको छ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**

यो आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

कम्पनीको रजिष्टर्ड कार्यालय, वागमती अञ्चल, काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १ नक्साल काठमाण्डौ , शेयर निष्कासनको लागि तोकिएका संकलन केन्द्रहरु र शेयर निष्कासन तथा बिक्री प्रवन्धक श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुनधारा, काठमाण्डौ बाट प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

**(छ) बोनस शेयरसम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

(१) यस विवरणपत्रअनुसार निष्कासन गरिने ८,००,००० थान शेयर आयोजना प्रभावित क्षेत्र ( उद्योग प्रभावित क्षेत्र) धादिङ्ग जिल्लाका सम्पुर्ण बासिन्दाहरुको लागी निष्कासन गरिएको छ । आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दालाई छुट्याइएको कित्ता बाँकी रहेमा सो बाँकी रहेको कित्ता सर्वसाधारणलाई छुट्याइएको १२,००,००० कित्तामा थप गरी आँखुखोला जलविद्युत कम्पनीका कर्मचारीहरुको लागी २ प्रतिशत र सामुहिक लगानीकोषहरुका लागि ५ ५ प्रतिशत शेयर बाँडफाँट गरी सर्वसाधारणहरुका लागि शेयर निष्काशन गरीनेछ ।

(२) यस विवरण-पत्र बमोजिम स्थानिय बासिन्दाहरुको लागि निष्कासन गरिएको शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई जारी गरिने कित्तामा थप गरी निष्काशन गरीनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरण–पत्रमार्फत निष्कासित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र ( उद्योग प्रभावित क्षेत्र) धादिङ्ग जिल्लामा कम्तिमा चार सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरण–पत्र वितरण तथा आवेदन फारम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यो विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक श्री सिभिल क्यापिटल मार्केट लि., सुनधारा, काठमाडौंका मर्चेन्ट वैकिङ्ग प्रमुख श्री कमल खत्री (स्नातकोत्तर) रहनु भएको छ ।

**(ठ) क्रेडिट रेटिङ सम्वन्धी विवरण :-**

यस विवरण पत्र अनुसार सर्वसाधारणलाई निष्कासन गरीने शेयरको लागी “क्रेडिट रेटिङ नियमावली, २०६८” को नियम ३ मा भएको व्यवस्था वमोजिम नेपाल धितोपत्र वोर्डवाट अनुमती प्राप्त क्रेडिट रेटिङ संस्था इक्रा नेपाल लि. डिल्लीवजार, काठमाण्डौ वाट क्रेडिट रेटिङ गराई ११ जुलाई २०१८ मा कमजोर आधारहरु **(Poor Fundamentals)** जनाउने **[ICRANP] IPO Grade 5 ग्रेडिङ्ग** प्राप्त गरेको छ । क्रेडिट रेटिङ सम्वन्धी विवरण यस विवरण पत्रको अनुसुचिमा संलग्न गरीएको छ ।

**(ड) सकारात्मक पक्षहरू :**

- आयोजना निर्माण पुर्णरुपमा सम्पन्न भई व्यापारिक उत्पादन समेत भईरहेको हुँदा परियोजना सम्पन्न नहुने, ढिला हुने जोखिम नरहेको ।
- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष सम्म आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
- आँखुखोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र प्रर्वद्धन गर्न सफल रहने ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य राम्रो रहेको ।

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरण–पत्रद्वारा निष्कासन गरिएको साधारण शेयरका लागि स्थानियवासीको हकमा आवेदन दिने अवधि अधिकतम ३५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरका लागि आवेदन पर्न

आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरण पत्रमा गरिएको व्यवस्था अनुसार न्यूनतम १५ कार्य दिन सम्म शेयर खरिदको लागि आवेदन लिने व्यवस्था गरिनेछ ।

यस विवरणपत्रद्धारा सार्वसाधारणलाई निष्काशन गरीने साधारण शेयरको लागि आवेदन दिने अवधी कम्तीमा ४ दिन र अधिकतम १५ दिनको लागी हुनेछ ।

**(त) धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को नियम ९ को उपनियम ३ मा भएका व्यवस्थाहरुको विवरण**

(१) आर्थिक वर्ष २०७३/७४ सम्मको लेखापरीक्षण र बार्षिक साधारण सभा सम्पन्न भई सकेको छ ।

(२) प्रचलित कानून बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको : मिति २०६६/१२/३० गते विद्युत उत्पादन अनुमति पत्र प्राप्त ।

(३) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको : मिति २०६६ साल जेष्ठ महिना देखि निर्माण कार्य शुरु गरि २०७० श्रावण महिनामा निर्माण सम्पन्न ।

(४) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा खरीद प्रकृया अगाडि बढाइसकेको: आयोजना निर्माण कार्य सम्पन्न भई विद्यूत उत्पादन समेत भई सकेको ।

(५) परियोजना निर्माणका लागि मिति २०६६ भाद्र २९ गते वित्तिय व्यवस्थापन (Financial Closure) सम्बन्धि संझौता सम्पन्न भएको । विद्युतिय यान्त्रिक उपकरणहरु जडान भई विद्युत उत्पादन गरि विक्री वितरण भइरहेको छ ।

(६) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरीद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणका लागि टेण्डर आह्वान गरिसकेको: मिति २०६६ जेष्ठ २२ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री संझौता सम्पन्न भई सो को तेस्रो संसोधन मिति २०६९ असार १९ गते सम्पन्न भई सोहि अनुसार विद्युत उत्पादन गरि विक्री वितरण भइरहेको ।

(७) परियोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्कासन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत रहेको छ ।

(८) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु. ६०,००,००,०००/–(रु साठी करोड मात्र) शत प्रतिशत चुक्ता भैसकेको छ ।

(९) यस कम्पनीले २०७० भाद्र ८ गतेवाट व्यापारिक उत्पादन सुरु गरी सकेको छ ।

**३.२३ संचालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री राम श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री राम प्रसाद सापकोटा | संचालक | |
| ३. | श्री नारायण प्रसाद अर्याल | संचालक | |
| ४. | श्री दिनेश प्रसाद श्रेष्ठ | संचालक | |
| ५ | श्री नरहरि पुडासैनी | संचालक | |

**३.२४ निष्कासन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेनस् सर्टिफिकेट) को प्रति :**
संलग्न गरिएको ।

**३.२५ विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**
संलग्न गरिएको ।